म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ६३ सोमबार १५ असोज २०८० ने. सं. ११४३ ञलगा 2 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा आइतबार दुईजनाको मृत्यु

हेटौँडा, १४ असोज/मकवानपुरको दुई पालिकामा आइतबार दुईजनाका मृत्यु भएको छ । हेटौंडा उपमहानगरपालिका-४ नारायणी पेट्रोल पम्प नजिक सवारी साधनको ठक्करबाट एकजनाको मृत्यु भएको छ । पूर्व-पश्चिम सडक खण्डमा हाल सनाखत नभएको करिब ४५ बर्षीय पुरुष ब्यक्तिलाई सवारी साधनले ठक्कर दिएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । पहिचान नभएको सवारी साधनले ठक्कर दिंदा उपचारर्थ हेटौंडा अस्पताल ल्याएकोमा उपचारको क्रममा मृत्यु भएको हो । यसैगरी, मकवानपुरको ईन्द्रशरोवर गाउँपालिका-२ देवटार बस्ने ५३ बर्षीय भीमलाल स्याङ्तान मृत अवस्थामा भेटिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । प्रहरीका अनुसार उनी आफ्नै घरको कोठामा मृत अवस्थामा भेटिएका हुन् ।

बागमती प्रदेशसभा बैठक:

## मूल्यवृद्धिविरुद्ध सांसदको एकैस्वर

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ बागमती प्रदेशसभाको आइतबार बसेको बैठकमा सांसदहरुले पछिल्लो समय भएको मूल्यवृद्धिको विरोध जनाएका छन् । आइतबार बसेको बैठकको शून्य समयमा आफ्नो धारणा राख्दै सांसदहरुले बढ्दो मूल्यवृद्धिका विषयमा विरोध जनाएका हुन् ।

प्रदेशसभा बैठकको शून्य समयमा १५ जना सांसदले आफ्नो धारणा राखेका थिए । शून्य समयमा बोल्ने अधिकांश सांसदले सरकारले मूल्यवृद्धि नियन्त्रणमा ध्यान दिन नसकेको बताएका थिए । बैठकमा आफ्नो धारणा राख्दै नेकपा एमालेका सांसद केशवप्रसाद पोखरेलले जनता महंगीको फन्दामा परेको समयमा सरकार भने आफ्नै धन्दामा व्यस्त रहेको आरोप लगाए । उनले पछिल्लो समय सरकारविरुद्ध चरम आन्दोलन भईरहेको बेलामा सरकार बैदेशिक भ्रमणमा व्यस्त रहेको आरोप लगाए ।

'सरकार जम्बो टोली सहित भ्रमणमा व्यस्त छ । सरकारको विदेश भ्रमणको खर्च सार्वजनिक गर्न म जोडदार माग गर्दछु,' पोखरेलले भने, 'शिक्षक आन्दोलमा, डाक्टर आन्दोलनमा, व्यवसायी आन्दोलनमा छन्, सरकार कानमा तेल हालेर बसेको अवस्था छ । सरणार्थी काण्ड गाएब, ललिता निवास काण्ड गाएब, सुनकाण्ड गाएब यो सरकार जनतामारा सरकार हो ।' सांसद पोखरेलले सरकारले वार्ताबाहेक केही गर्न नसकेको आरोप समेत लगाए ।



त्यसैगरी राप्रपाकी सांसद आशा लामाले जनता दैनिक जीवनयापनको लागि समस्या भोगिरहेको समयमा सरकारले चाडपर्वको मुखमै मूल्यवृद्धि उपहार दिएको बताइन् । सरकारले राहत दिनुपर्ने समयमा उल्टै कानमा तेल हालेर बसेको उनले भन्दै जिम्मेवार बन्न आग्रह गरिन् । त्यस्तै राप्रपा वागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले यो सरकार असफल सरकार भइसकेको दावी गरेका छन् । उनले देश लथालिंग भएको अवस्थामा राष्ट्रपतिले ज्यानमारालाई छुट दिइरहेको भन्दै आक्रोश पोखे । उनले अहिले संघीय सरकार र प्रदेश सरकारको आमजनताले राजीनामा माग गरेको समेत दावी गरे ।

त्यसैगरी एमाले सांसद एकलाल श्रेष्ठले संघमा सुन तस्करी काण्डको उच्चस्तीय छानबीन समिति बनाउने कुरा चलिरहेको बेलामा प्रदेश सरकारको मन्त्रीको पनि नाम मुछिएको भन्दै सरकारको जवाफ माग गरे । प्रहरीले विशेष सूचनाका आधारमा मलद्वारमा लुकाएर दुबईबाट हिमालयन एयर लाइन्समार्फत ल्याएको एककिलो सुन सहित काभ्रेका बाबुलाल दोङलाई प्रक्राउ गरेको थियो । सो प्रकरणमा प्रदेशका खानेपानी, उर्जा तथा सिँचाइ मन्त्री तीर्थ लामाको नाम सुन प्रकरणमा संलग्न भएकोमा सांसद समक्ष उनले जवाफ दिनुपर्ने माग गरे । सांसद श्रेष्ठले वागमती प्रदेशको समितिको सभापतिको चयनमा ढिलाई भएको भन्दै तत्काल समितिको सभापति प्रकृया अगाडि बढाउन माग गरे ।

नेकपा एकीकृत समाजवादीका सांसद वसन्त मानन्धरले पछिल्लो समयमा भएका सबै प्रकारका मूल्यवृद्धि खारेज गर्नुपर्ने माग गरे । नेमकिपाका सांसद सुरन्द्रराज गोसाईंले सरकारका कारण शिक्षा क्षेत्र अस्तव्यस्त बनेको बताए । शिक्षकलाई आन्दोलनमा उत्रिन बाध्य पार्ने सरकारको काम गलत भएको उनको भनाइ छ । उनले गुणस्तरीय, व्यावहारिक र उन्नत शिक्षाको लागि प्रदेश सरकारले पहल गर्नुपर्ने धारणा राखे । बैठकमा एकीकृत समाजवादी पार्टीकी सांसद ओमकुमारी श्रेष्ठले चिकित्सकमाथि भइरहेको सांघातिक आक्रमणको विरोध गरिन् । बैठकमा सांसदहरु गीता काफ्ले, भारती पाठक, लक्ष्मी घिमिरे, शकुन्तलादेवी श्रेष्ठ, ठुला थामी, रामकुमार पहाडी, शान्ता ढकालगायतले धारणा राखेका थिए ।

बैठकमा प्रदेश सांसदहरुले उठाएको प्रश्नहरुको जवाफ दिदै अर्थमन्त्री बहादुरसिंह लामाले सरकार हराएको भन्ने कुरा सत्य नभएको दाबी गरे । अर्थमन्त्री लामाले सरकारले विपद्को समयमा धेरै कामहरु गर्नुपरेको हुँदा प्रदेशसभाको बैठक बस्न ढिलाई भएको बताए । उनले बैठकमा नुनदेखि सुनसम्मको कुरा उठेको भन्दै आधारविनाको कुरा नउठाउन सांसदहरुलाई आग्रह गरे । अर्थमन्त्री लामाले प्रदेश सरकारले कुनैपनि निर्माण व्यवसायीको भुक्तानी बाँकी नराखी भुक्तानी गरेको समेत बताए । 'चाडपर्वको समयमा मूल्यवृद्धिको कुरा उठेको छ । हामी यस विषयमा गम्भीर भएर छलफलमै छौं ,' अर्थमन्त्री लामाले भने, 'मूल्यवृद्धिको विषयमा हामी प्रतिपक्षीलाई पनि समेटेर समिति नै बनाएर अगाडि बढ्ने प्रतिवद्धता गर्छौं ।' अर्थमन्त्री लामाले सरकार राजश्व वृद्धि गर्न लागेको समेत बताए ।

त्यसैगरी सुनकाण्डमा मुछिएका खानेपानी मन्त्री तीर्थबहादुर लामाले प्रमाणविना नबोल्न सांसदहरुलाई चेतावनी दिएका छन् । प्रदेशसभाको बैठकमा आफ्नो नाम सुन काण्डमा मुछिएपछि जवाफ दिदै मन्त्री लामाले सम्बन्धित अनुसन्धान गर्ने निकायले आफ्नो कुनै संलग्नता नरहेको भनेपनि केही व्यक्तिहरु मिलेर फसाउन खोजेको आरोप लगाए । उनले आफू सुनकाण्डमा मुछिएको प्रमाण भेटे राजनीतिमै नफर्किने समेत घाषणा गरे । बैठकमा प्रदेश कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेस भएको छ ।

## परियारले जिते तेस्रो मिस्टर मकवानपुरको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ नेपाल शारीरिक सुगठन तथा फिट्नेस महासंघ मकवानपुरको आयोजनामा शनिबार राती सम्पन्न तेस्रो मिस्टर मकवानपुरको उपाधि सरुन परियारले जितेका छन् ।

७० केजी समूहका विजेता रहेका परियार तेस्रो मिस्टर मकवानपुरको विजेता बन्न सफल भएका हुन् । उनी विजेता भएसँगै एक लाख नगद मेडल र ट्रफि प्राप्त गरे । उनलाई हेटौंडा उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामाले पुरस्कारहरु प्रदान गरेकी थिइन् । प्रतियोगिताका फस्ट रनअप राज शाही घोषित भए । उनी ७५ केजी तौल समूहका विजेता थिए । उनले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गरेका छन् ।

प्रतियोगिताका सकेण्ड रनरअप शैलेन्द्रकुमार साह भएका छन् । उनी ६० केजी तौल समूहका विजेता थिए । उनले नगद ३० हजार, मेडल र ट्रफि प्राप्त गरेका छन् । मिस्टर मकवानपुर विधामा ५५, ६०, ६५, ७०, ७५ केजी तौल समूहमा प्रतिस्पर्धा भएको थियो । ५५ केजी समूहमा युवराज छत्कुली विजेता बनेका थिए भने ६० केजी तौल समूहमा शैलेन्द्रकुमार साह, ६५ केजी समूहमा इन्द्रकुमार अधिकारी, ७० केजी समूहमा सरुन परियार र ७५ केजी तौल समूहमा राज शाही विजेता बनेका थिए । उनीहरुले जनही १० हजार नगद सहित ट्रफि प्राप्त गरेका थिए । समूह विजेताहरुले फाइनलमा आफ्नो प्रस्तुती दिएका थिए ।

त्यस्तै महिला खेलाडीलाई शारीरिक सुगठनतर्फ आर्कषण गराउन वेष्ट फिजिक्स वुमन च्याम्पियनसीप विधा समेत गराइएको थियो । मकवानपुरमा पहिलो पटक गरिएको प्रतियोगितामा ४ जना महिला खेलाडीले सहभागिता जनाएका थिए । जसमा अरिमा थिङ विजेता बनेकी थिइन् । उनले २० हजार नगद मेडल प्राप्त गरेकी छिन् । त्यस्तै द्वितीय स्थान शान्तामाया स्याङ्तान, तृतीय स्थान जुनी पुलामीमगर र चौथो स्थानमा कल्पनाकुमारी दर्लामीमगर भएकी थिइन् ।

प्रतियोगतामा पहिलो पटक मिस्टर मकवानपुर भेट्रान्स समेत गरिएको थियो । प्रतियोगितामा ८ जना भेट्रान्स खेलाडीले सहभागिता जनाएका थिए । जसमा विजेता विमल लामा, द्वितीय बुद्ध लामा र तृतीय स्थान भुवनबहादुर तामाङ र चौथो स्थानमा विकास बानियाँ भएका थिए । प्रतियोगितामा खेलाडी बढी प्रस्तुत गर्ने उत्कृष्ठ तथा अनुशासित क्लव भनेर वेस्ट क्लब कलिउड सुपर डान्स एण्ड फिटनेस प्रालिलाई घोषणा गर्दै २५ हजार नगद सहित सम्मान गरिएको थियो ।

साथै पुराना खेलाडीहरु शान्तिकी खड्की, सूर्य लामा, राजकुमार श्रेष्ठ, महेश महर्जनलाई सम्मान गरिएको थियो । खेल क्षेत्रतर्फ भलिबल खेलाडी प्रहरी निरीक्षक चुडाकुमारी खड्का, खेलकुद शिक्षा क्षेत्रतर्फ शिक्षाविद् पुरनबहादुर जोशी, पत्रकारिता क्षेत्रतर्फ पत्रकारहरु सुवास विडारी, श्रीराम अर्जुन र प्रतिक्षा न्यौपानेलाई सम्मान गरिएको थियो ।

महासंघका अध्यक्ष राजेश भेटलवालको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रदेश सांसद उद्धव थापा, उपमेयर राजेश बानियाँ, हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका अध्यक्ष सविन न्यौपाने, वडाध्यक्षहरु नवीन सिग्देल, उद्धव सत्याल, विष्णुगोपाल महर्जन, विष्णुप्रसाद दाहालगायतको आतिथ्यता थियो ।

## रोटरी माविका ५१ चेपाङ विद्यार्थीलाई छात्रवृत्ति



साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ मनहरी गाउँपालिका-७, स्थित राष्ट्रिय रोटरी माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ११ र १२ का ५१ जना विद्यार्थीलाई छात्रवृत्ति बितरण गरिएको छ ।

नेपाल सरकारका पूर्बडिजि राजदेबप्रसाद यादबको समन्वयमा छात्रवृत्ति बितरण गरिएको हो । केएएफसी नामक अमेरिकन संस्थाको सहयोगमा शैक्षिक सामग्री बितरण गरिएको हो । आफू लामो समयसम्म यस क्षेत्रमा सरकारी सेवामा रहेको र यहाँको समुदायको राम्रो ज्ञान आफूलाई भएको भन्दै यस संस्थासंग सहकार्य गर्दै चेपाङ समुदायको शैक्षिक क्षेत्रमा सहयोग गरिएको यादबले बताए ।

राज्यले बर्जित गरिएको गतिविधिमा चेपाङ समुदाय आफ्नो दैनिकी जोहो गर्नकै लागि अनाहकमा कानुनी कठघरामा पुग्न बाध्य रहेको तथ्यांकलाई आधार मानेर यो समुदायको शिक्षामा लगानी गर्नु आवश्यकता रहेको र सोही अवस्थामा संस्थासंग सहकार्य गर्दै यो कार्यक्रम अगाडि बढाएको यादबले बताए । विद्यालयमा अध्ययनरत विद्यार्थीलाई संस्थाले चौथो पटक शैक्षिक सामग्री बितरण गरिसकेको छ भने सोही विद्यालयमा अध्ययनरत तल्लो तहका विद्यार्थीलाई वातावरण संरक्षणसम्बन्धी चित्रकला प्रतियोगिता समेत संचालन गरिसकेको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय भएकाको चित्र अमेरिकामा संचालन हुने च्यारिटी शोमा देखाईने समेत जानकारी दिए । संस्थाले नेपालका मकवानपुरको रोटरी स्कुलमा अध्ययनरत चेपाङ सामुदायका विद्यार्थी, बर्दिया जिल्लामा थारु समुदाय र चितवनको सौराहामा बन्यजन्तु भेटनरी अस्पतालमा सहयोग गर्दै आईरहेको छ । संस्थाले बन र बन्यजन्तु संरक्षणसंग सम्बन्धित रहेर १३ वटा देशमा कार्यक्रम गर्दै आईरहेको छ ।

संस्थाका प्रतिनिधिहरु यही नोभेम्बर ९ मा अनुगमनमा आउने जानकारी समेत सोही कार्यक्रममा दिइयो । छात्रवृत्ति बितरण कार्यक्रममा बोल्दै ७ नम्बर वडाका कार्यबाहक अध्यक्ष नबराज सुबेदीले कार्यक्रमको निरन्तरताको लागि शुभकामना दिए । मनहरी गाउँपालिका-७ का कार्यबाहक अध्यक्ष सुबेदीको प्रमुख आतिथ्यता रहेको थियो । बिशिष्ट अतिथि पूर्बडिजि एबम् कार्यक्रम संयोजक यादव, विद्यालयका सहायक प्रधानाध्यापक साधुराम रिजाललगायतको आतिथ्यता रहेको थियो । कार्यक्रमको सहजिकरण विद्यालयका प्रधानाध्यापक गोबिन्द पौडेलले गरेका थिए।

## हेटौंडामा पहिलो माइक्रो लाइफ इन्स्योरेन्सको सेवा सुचारु



साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स प्रा.लि. को हेटौंडा शाखा आइतबार एक कार्यक्रमबीच उद्घाटन गरिएको छ । कार्यक्रममा राजनीति, कानुन, आर्थिक क्षेत्रका साथै शिक्षा र पत्रकारिता सहित विविध क्षेत्रका व्यक्तित्वहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

न्यून आयस्तर भएकादेखि सामूहिक र ठूला लगानीका तथा उच्च मूल्याङ्कनका लगानीमा समेत वीमा सेवा सुविधा दिनेगरी स्तरीय सेवा प्रदान गर्ने उद्देश्यले हेटौंडामा पहिलो माइक्रो लाइफ इन्स्योरेन्सको सेवा सुचारु भएको शाखा प्रबन्धक शर्मिला बलामीले बताइन् । विगतमा नेशनल लाइफ इन्स्योरेन्स लगायत संस्थामा ५ वर्ष अनुभव बटुलेकी उनले यस संस्थामार्फत् लघु एवम् जीवन बीमा दुवै गर्न सकिने तथा अन्य बीमा कार्यालयमा आबद्ध रहेर पनि यस संस्थामार्फत् अभिकर्ताका रुपमा कार्य गर्न सकिने हुँदा यस संस्था अझ लचिलो रहेको जानकारी दिइन् ।

एक वर्षे, दुई वर्षे वा पाँच वर्षे अवधिको 'फिक्स टर्म' सुविधा न्यून आय भएकाहरुको लागि लक्षित गरिएको सुविधा हो । प्ले/एप स्टोरको एप्लिकेसनमार्फत् सेवालाई अझ सहज रुपमा विस्तार गरिरहेको क्रेस्टले नेपालबाट सुलभ र भरपर्दो लघु-बीमा समाधानहरुको साथ वित्तीय भविष्यको रक्षाको उद्देश्य लिएको छ भने हेटौंडास्थित कार्यालय पूरानो बैंक अफ काठमाडौं (वर्ल्ड लिंक) को भवनमा रहेको छ । यस वीमा शाखाको उद्घाटन कार्यक्रममा १०० बढी व्यक्तित्वहरुको सहभागिता रहेको थियो ।


**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सर्जकको योगदानमा उर्जा

साहित्य संगम मकवानपुरले मकवानपुरका ९ जना स्रष्टालाई शनिबार सम्मानीत गरेको छ । २०७९ सालमा साहित्य तथा अन्य विधामा पुस्तक प्रकाशन गरेका मकवानपुरे ९ जना स्रष्टालाई संगमले हेटौंडामा सम्मान गरेको हो । संगमको ३ सय ३५ औं साहित्य सन्ध्यामा उनीहरु सम्मानीत भएका हुन् । 'छेलिएका अनुहार' पुस्तकका लेखक प्रताप विष्ट, 'शिक्षकको भाषा' का लेखक छवि अनित्य, 'छैनौ कसोरी तिमी' का लेखक पुरुषोत्तम आचार्य, 'मानचित्रमा देश' र 'अक्षर आराधन' का लेखक मसान उपासक, 'खुसी' लघुकथा सङ्ग्रहका लेखक किशन पौडेल, कविता सङ्ग्रह 'तिलगंगा गोविन्द' का लेखक सुभाषचन्द्र पौडेल, 'कोरिएका धर्साहरु' कविता सङ्ग्रहका लेखक ऋत्विक केबी, 'अभियुक्त समय' कविता सङ्ग्रहका लेखक समर्पण न्यौपाने, 'कठघर्रामा देश' का सर्जक बिर्खे अन्जान सम्मानित भएका हुन् । मकवानपुरमा गाडी बोक्नेहरुको कथालाई पुस्तकाकारका रुपमा ल्याउने पत्रकार बिष्ट समाजमा लुकेका कथाबस्तु खोजीमा रुचि राख्छन् । बिगतमा समाचारका रुपमा लेखिएका गाडी बोक्नेहरुको ईतिहाससँगै, मकवानपुरका चेपाङ र वनकरियाका कथावस्तु समेटेका बिष्टले पाठकहरुलाई नयाँ स्वाद दिने प्रयास गरेका छन् । त्यस्तै शिक्षकको भाषाका लेखक छबि अनित्य मकवानपुरका परिचित साहित्यकार हुन् ।

शिक्षण पेशामा आवद्ध भएका अनित्य सामुदायिक विद्यालय र संस्थागत विद्यालयको भिन्दाभिन्दै अनुभव संगालेका ब्यक्ति हुन् । पत्रकारितामा आउनु अघि बिष्ट पनि शिक्षण पेशामा आबद्ध थिए । त्यस्तै सम्मानीत ब्यक्तित्व आचार्य पनि शिक्षा क्षेत्रमा संलग्न छन् । मकवानपुरको छन्दमा राम्रो दख्खल राख्ने आचार्य रेडियो कार्यक्रममा पनि उत्तिकै पोख्त छन् । दुईवटा कृति एकैसाथ ल्याएका मसान उपासक पनि रेडियोकर्मी, शिक्षा क्षेत्र भन्दा टाढा छैनन् । मकवानपुरको साहित्यआकाशलाई उचाइमा पुऱ्याउने कार्यमा सम्मानीत स्रष्ठाको महत्वपूर्ण योगदान छ । संगमले पहिलोपटक यसरी लेख्नेहरुलाई सम्झेको भने होइन तर, संजोग एक वर्षमा निस्किएका कृतिलाई एकैथलोमा समेट्दा निकै महत्वपूर्ण अवसरबनेको हो । कठघर्रामा देशका लेखक अन्जान पालुङमा बसेर साहित्य सृजना गरिरहेका छन् । ग्रामीण क्षेत्रमा रहेर पनि साहित्यमा फराकिलो सोचका साथ सृजना गर्नसक्ने अन्जान यसअघि पनि पटकपटक सम्मानीत भइसकेका छन् । लघुकथामा कलम चलाउने सर्जक किसन पौडेल हेटौंडा-४ निवासी हुन् । सर्जक पौडेलको रचनाको लोकप्रियता उच्च छ । कोरिएका धर्साहरुका सर्जक केबी विद्यालय तहको अध्ययन पूरा गर्दै गरेका छन् ।

पछिल्लो समय संगमले बिभिन्न कार्यक्रम गर्नका लागि अक्षयकोष स्थापना गरी नियमित ब्याज आम्दानी गर्ने योजना बनाएको छ । यसका लागि संगमले २ लाख रुपैयाँ भन्दा बढी संकलन गरिसकेको छ । एक मिहनाभित्र २ लाख रुपैयाँ संकलन भएको बताइएको छ । सर्वसाधारणले संगमलाई माया गरेर रकम सहयोग गरिरहेको संगमले जनाएको छ । बिगतका दिनमा स्कूलको कक्षाकोठामा शनिबार साहित्य सन्ध्या चलाउँदै आएको संगमलाई आरसी रिजालले आफ्नो आँगन चिरेर घडेरी उपलब्ध गराएपछि मकवानपुर साहित्यले फड्को नै मारेको हो । दानबीररिजाल हास्यब्यङ्ग्यमा कलम चलाउछन् । पछिल्लो समय रिलले बुढ्यौली साहित्यकारको नेतृत्व गरिरहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज १६ गते मंगलबार ३ अक्टोबर २०२३ । चतुर्थी, आश्विन कृष्णपक्ष । नलगा ११४३ ने.सं. । सूर्योदय ५:५७, सूर्यास्त ५:४७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | तुला | : मन खिन्न हुन सक्नेछ |
| वृष | : उदर-विकार हुन सक्नेछ | वृश्चिक | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| मिथुन | : परिवारमा उन्नति हुनेछ | धनु | : राजनीतिमा सफलता मिल्नेछ |
| कर्कट | : काममा रोकावट आउन सक्नेछ | मकर | : काममा विलम्ब हुनेछ |
| सिंह | : शुभ समाचार सुन्न पाइनेछ | कुम्भ | : मनोकांक्षा सिद्धि हुनेछ |
| कन्या | : मान सम्मान पाउन सकिनेछ | मीन | : गरेको कार्यमा सफलता मिल्नेछ |

# धनीको दशैं, गरिबको दुःख



✍ रिसव गौतम

२०८० सालको बडादशैं पनि नेपालीको घरआँगनमै आइपुगेको छ । आउने र जाने क्रम अनवरत जारी राख्ने यो सांस्कृतिक चाड बहुआयामिक महत्वको छ । दशैंले धेरैलाई हर्षोल्लास र खुशी दिन्छ । पारिवारिक मिलन र भेटघाटहरू संयोजन गर्छ । मान्यजन र अग्रजहरूको भूमिका र महिमा बढाउँछ ।

गतिहीन अर्थ-बजारलाई गतिशील बनाउँछ । त्यसैले दशैं पर्व मात्र होइन, महान् उत्सव हो । जसले नेपाली समाजको बहुआयामिक पाटा, पखेटाहरू एकैसाथ जोड्छ । सिंगार्छ, सजाउँछ अनि केलाउँछ ।

अहिले दशैं नजिकिएसँगै बजारहरू तातिएका छन् । किनमेल बढ्न थालेका छन् । बजारमा घुइँचो बढिरहेको छ । सरकारले पनि दशैं विशेष खाद्य सामग्री सहुलियत मूल्यमा बेच्ने हिसाबको सुपथ मुल्य पसल सञ्चालनको तयारी गरिसकेको छ । हवाई तथा स्थलमार्ग भएर यात्रुहरूको ओहोर-दोहोर सहजताका लागि अग्रिम टिकट बुकिङ सुरु हुन लाग्दैछ । राष्ट्र बैंकले नयाँ नोट निष्कासन गरेर बाँड्ने तयारी थालिसकेको छ । गाउँघरमा पीङहरू हाल्ने, घरआँगन सिंगार्ने कामहरू सुरु हुन थालिसकेका छन् । समग्रमा दशैंले नेपालीलाई छपक्कै छोइसकेको छ ।

दशैं नजिकिएसँगै मोबाइल तथा अटोमोबाइल सहित किनमेल दुनियाँका अनेकन् वस्तुमा छुट सहितका बम्पर योजना सार्वजनिक भइरहेका छन् । अटो शो, फर्निचर एक्स्पो जस्ता अनेकन् शो प्रदर्शनी भइरहेका छन् ।

व्यवसायीहरूमा उत्साह भरिंदो छ । तर जति-जति दशैं नजिकिएको छ, त्यति-त्यति नै महँगी बढिरहेको छ । बजारमा भान्साका सामानहरूको भाउ अचाक्ली बढिरहेको छ । मुद्रास्फीति ८ प्रतिशत छुन लागिरहेको छ । सरकारले महँगी नियन्त्रण र बजार अनुगमन प्रभावकारी बनाउनै सकिरहेको छैन । व्यवसायीहरूले पनि दशैं-तिहारलाई अवसर पारेर वस्तुभाउको मूल्य अचाक्ली बढाउने गरेका छन् ।

सरकारले हरेक साल सुपथ मूल्य पसल सञ्चालन त गर्ने गरेको छ तर त्यो देखावटी हिसाबको मात्रै हुनेगर्छ । सुपथ मूल्य पसलमा भन्दा बाहिरका पसलहरूमा तात्विक फरक पाइने गरेको छैन । महँगी चुलिएर आकाश पुगेको छ तर सरकारको सुपथ मूल्य पसलले उपभोग्य वस्तुहरूमा २०, १०, ५ रुपैयाँ जस्ता छुट दिएर जगहँसाउने गरेको छ । झारा टार्ने छुट दिइएका हुन्छन् । सुपथ मूल्य पसललाई सुपथ बनाइएका छैनन् ।

यसपटक पनि सरकारले विगतकै क्रम दोहोऱ्याउनेछ वा साँच्चिकै सहुलियत पसलहरू सञ्चालन गर्नेछ त्यो हेर्न बाँकी छ ।

हवाई भाडाहरूका त आफ्नै रेट छन् । त्यो एक खालको सिस्टममा चलेकै छ । हवाईमा सफारी गर्ने वर्ग एक हिसाबको हुनेखाने वर्ग नै हुनेगर्छ । तर सार्वजनिक सवारी साधनहरू प्रयोग गर्ने सर्वसाधारण वर्षेनि दशैंकै मौकामा अचाक्ली ठगिने गरेका छन् ।

उनीहरूले सरकारको प्रभावकारी अनुगमनको अभावमा अघोषित रूपमा डबल भाडा उठाइने गरेका छन् । सरकारले त्यो खालको यातायात मनपरी नियन्त्रण गर्न सकिरहेको छैन । त्यसकारण चाडबाडमा हुने महँगी र ठगी नियन्त्रणमा सरकारले आफनो सक्षमता देखाउनै सकेको छैन ।

सरकारले ती कुराहरू नियन्त्रण गर्न सक्यो, गरिब जनतामा राहत दिन सक्यो भने मात्रै दशैंले सबै जनताको घरमा उल्लास छर्नेछ ।

दशैं नजिकिएसँगै विदेशमा श्रम बेचिरहेका नेपालीको घरफिर्ती बढ्न थालेको छ । रेमिट्यान्स आप्रवाह बढेको छ । व्यापारीहरूका व्यापार बढेका छन् । बजारमा पैसाको प्रवाह बढ्न थालेको छ ।

### किनमेलको पर्व दशैं

मुख्यतया नेपालीको वर्षभरिमा हुने खर्चको अधिकतम हिस्सा दशैंले लिने गरेको छ । अन्य समयमा नेपालीले खासै खर्च गर्ने गर्दैनन् । तर दशैं-तिहारका बेला लत्ताकपडादेखि कुनै राम्रा घरायसी सामान समेत यसैबेला खरिद गर्छन् ।

जसका कारण अनेकन् मेला, महोत्सव यसै समयमा हुने गरेको छ । दशैं र तिहारमा नेपालीहरू ऋण-धन गरेरै आफ्ना इच्छा र आवश्यकताका सामान किन्ने गरेका छन् । फलस्वरुप दशैं महँगो हुने गरेको छ । अझ हिजोआज त दशैं अत्यन्त देखासिखी र विलासी हुँदै पनि गएको छ ।

तर 'आयो दशैं ढोल पिटाई, गयो दशैं ऋण बोकाई' भन्ने पुरानो नेपाली उखान गरिब-गुरुवाहरूको हकमा आज पनि लागू हुन्छ । खरिद गर्न सक्ने र धान्न सक्नेले त दशैं राम्रै गरी मनाउलान् । तर गरिब तथा असहायहरूको हकमा दशैं पीडादायक हुने गरेको छ ।

खासगरी दक्षिणएशियामै सम्भवत: सबैभन्दा बढी धनी-गरिबबीचको असमानता कायम रहेको र २०७२ वैशाखमा गएको महाभूकम्प, पछिल्लो कोरोना संकटले लाखौं जनता गरिबीको सूचीमा थपिएका छन् । जसकारण गरिबीको तथ्याङ्क घटेको छैन । यसैमा नेपालमा दशैं पर्व थप गरिबी बढाउने पर्व हुने गरेको जस्तो देखिन्छ । गरिबी र दशैंको सम्बन्ध सौहार्दहीन एवं पेचिलो बन्दै गएको महसुस हुन्छ ।

यद्यपि दशैं हाम्रो महान् राष्ट्रिय गौरवको पर्व हो । दशैं हाम्रा पिता पुर्खाहरूदेखि नै नेपालीले नेपालीपन र नेपाली हुनुको गौरवसाथ मनाउँदै आएको मौलिक पर्व हो ।

दशैंको सान्दर्भिकता पछिल्ला वर्षहरूमा झन्-झन् बढ्दै गएको महसुस हुन्छ । किनकि नेपाली संसारका अधिकतम राष्ट्रहरूमा रोजगारी र अन्य सिलसिलामा बाहिरिएका छन् । औपचारिक तथा अनौपचारिक गणना अनुसार ६० लाख नेपाली यतिबेला विश्वका देशहरूमा छरिएका छन् । तर तिनको लागि स्वदेश फिर्तीको साइत सामान्यतया दशैं-तिहारले नै जुराइदिएको हुन्छ ।

विश्वभर छरिएर रहने नेपाली प्रकृति र प्रवृत्तिलाई एकीकरण गर्ने काम वास्तवमा विजया दशमीले नै गरिरहेको छ । दशैंको महिमा झन् बढेको छ ।

दशैं एउटा मनाउनको लागि मनाइने पर्व मात्र नभएर नेपाली मौलिकता, नेपाली स्वाभिमान, नेपाली गौरव, नेपाली पहिचानको एउटा शक्तिशाली विम्ब समेत हो । विश्वसामु गौरव गर्ने र पहिचान दिलाउने सांस्कृतिक धरोहर दशैं नै हो भन्दा हुन्छ ।

नेपाली जहाँ पुगोस्, जे-जस्ता दु:ख-वेदना र कर्महरू गर्न पुगोस्, जे-जस्तो वातावरणमा खुम्चन पुगोस्, कम्युनिष्ट बनोस् या क्रान्तिकारी उसको निम्ति दशैं जीवनको अमूल्य अंग नै बन्ने गर्छ । नेपालमै पनि शास्त्रीय मार्क्सवादको बर्दी ओढेर ढोंग पिट्नेहरू र धर्मकर्मलाई तिलाञ्जली दिनेहरू समेत दशैंमा रमझममा व्यस्त हुन्छन् ।

यसर्थ विजया दशमी नेपालीका लागि महान् उत्सव हो । तर राजनीतिक आन्दोलन र त्यसका उपलब्धिहरू वास्तविक रूपमा तल्लो तहका जनताको हितमा हुन नसक्दा मुलुकमा धनी र गरिब बीचको असमानता तुलनै गर्न नसकिने गरी फराकिलो हुँदैछ ।

सरकारी तथ्यांक अनुसार नेपालमा निरपेक्ष गरिबी १८.४ प्रतिशत रहेपछि बहुआयामिक गरिब २८ प्रतिशत भन्दा बढी रहेको छ । अझ अन्तर्राष्ट्रिय संघ-संस्थाहरूले प्रक्षेपण गरेको तथ्यांकहरूमा नेपालमा अझै ३५ प्रतिशत नेपाली गरिबीकै रेखामुनि छन् । धनी-गरिब बीचको यस्तो असमान अवस्थाको अन्त्य नहुँदासम्म सबैको लागि दशैं दशैं हुनसक्ने छैन ।

दशैंको रौनक र उत्साहमा समानता ल्याउन गरिबी निवारणलाई जोड दिनुपर्ने अवस्था छ । सरकारले धनी र गरिबबीचको आर्थिक खाडल कम गर्ने गरी कर प्रणाली अपनाएको भए, विकास कार्यक्रम अघि बढाएको भए, सुलभ स्वास्थ्य-शिक्षा दिलाएको भए, बजेट मार्फत सन्तुलित विकास निर्माण गरेको भए यस्तो अवस्था पक्कै आउने थिएन ।

विडम्बना पछिल्लो समय प्रदेश तथा स्थानीय सरकारहरूले गरिबमारा ढंगको करको बोझ स्थानीय तहमा समेत थुपार्दै छन् । तर कर लिए बापतको विकासको दायित्वबाट भने निरन्तर पन्सिएका छन् ।

नेपालमा २०१३ सालदेखि नै गरिबी निवारणको योजनाबद्ध कार्यक्रम थालनी भए पनि गरिबी र असमानताको दर झनै वृद्धि हुँदै आएको देखिन्छ । गरिबी निवारण र योजनाबद्ध आर्थिक विकासका कार्यक्रमहरू एकपछि अर्को गर्दै असफल भएको कारणबाट आज पूरै देश रेमिट्यान्स आयमा निर्भर हुन पुगेको छ । सक्रिय युवा जनशक्ति पूरै पलायन छन् ।

एसियामै अफगानिस्तान पछि दोस्रो गरिब र पूरै विश्वमा गरिब देशहरूमध्ये ४० नम्बर भित्र मुलुक पर्छ । विकासशील मुलुकमा उक्लने भनेको मुलुकले एक दशक हुँदासम्म समग्र सूचकहरूमा प्रगति गर्न नसकेर ओरालो लागिरहेको छ । आर्थिक वृद्धि र विकास बढाउनै सकिरहेको छैन । अर्थतन्त्र गतिशील हुन सकिरहेको छैन ।

आर्थिक विकासको बाटोमा भुटानले समेत नेपाललाई उछिनिसकेको छ । देशको यस्तो दुरवस्थाबीच विजया दशमी कसरी सबैका लागि सुखद रहला ? कसरी उल्लासमय रहला ?

तर पनि सरकारले सबै जनताको दशैं दशैंजस्तो बनेको हेर्न चाहन्छ भने गरिब जनतालाई केन्द्रित दशैं विशेष राहत कार्यक्रमहरू ल्याउनैपर्छ । गरिबहरूका लागि पनि दशैं हुनका लागि सरकारले न्यूनतम आधार तय गर्नैपर्छ ।

अन्यथा सुदूरपश्चिमका भोकमरी ग्रस्त बजाङ, बाजुरा, दार्चुला, अछाम, बैतडी, हुम्ला, जुम्ला लगायत जिल्लाका अति गरिब जनताको दशैं दशामा सीमित हुनेछ । त्यस्तै भूमिहीन जनता जो आजै कमाएर आजै खाने खालका हुन्छन् तिनको दशैं दशा मात्रै हुन्छ ।

सरकारले दशैं समानस्तरको, उल्लासमय र सुखप्रद बनाउन र महँगी एवं अराजकता रोकी जनताको जीउधनको सुरक्षा गर्न विशेष कार्यक्रम ल्याओस् । बडा दशैं २०८० को अग्रिम शुभकामना !

*(साभार: अनलाइनखबर)*

# पिस कोरमार्फत स्थापित दुई देशका जनताबीचको सम्बन्ध

✍ ट्रोय कफरथ

नेपालमा पिस कोर कार्यक्रम सन् १९६२ मा सुरु भएको हो । र, हरेक वर्ष यसै समयमा पिस कोरले आफ्नो स्थापनाको वर्षगाँठ मनाउँछ । सन् १९६२ मा राष्ट्रपति जोन एफ. केनेडीले पिस कोरको स्थापना गरेलगत्तै सोही वर्ष अगस्ट २४ का दिन नेपाल र संयुक्त राज्य अमेरिकाका सरकारहरूले नेपालमा पिस कोर सञ्चालन गर्ने सम्बन्धमा द्विपक्षीय सम्झौतामा हस्ताक्षर गरे ।

त्यसको केही हप्तापछि सेप्टेम्बर १९६२ मा पिस कोर स्वयंसेवकहरूको पहिलो समूह काठमाडौं आइपुग्यो । त्यसमा ७७ शिक्षक र कृषि विशेषज्ञहरू थिए, जो नेपाली समुदायमा बस्ने र सहकार्य गर्ने गरी आएका थिए । सन् १९६२ यता झन्डै ४ हजार अमेरिकी नागरिकले नेपाल आई दुई-दुई वर्षसम्म स्वयंसेवकका रूपमा सेवा पुऱ्याइसकेका छन् । यी स्वयंसेवकहरूले देशभरिका विभिन्न समुदायमा बसोबास गर्दै बहुमुखी क्षेत्रहरूमा काम गरेका छन् ।

यस वर्षगाँठका अवसरमा हामी हाम्रा स्वयंसेवकहरूले आफूलाई आतिथ्य प्रदान गर्ने समुदाय र नेपाली समकक्षीहरूसँग सहकार्य गर्दै हासिल गरेका उपलब्धिहरूलाई स्मरण गर्न चाहन्छौं ।

कोभिड-१९ महामारीका कारण पिस कोर स्वयंसेवकहरू तीन वर्षसम्म नेपाल आउन पाएका थिएनन् । तर यस वर्ष उनीहरू नेपाल फर्केका छन् । त्यस अर्थमा पनि यस वर्षको वर्षगाँठको विशेष महत्त्व छ । २०८० भदौ ७ गते पिस कोर नेपालको ६१ औं वार्षिकोत्सवका दिन २१ स्वयंसेवकले अंग्रेजी शिक्षा र खाद्य सुरक्षाका क्षेत्रमा आफ्नो दुई वर्षको सेवा सुरु गर्नुअघि शपथ ग्रहण गरे । उनीहरू अहिले नेपालका दुई प्रदेशका पाँच जिल्लामा बस्छन् र काम गर्छन् ।

शिक्षातर्फका स्वयंसेवकहरू सरकारी विद्यालयहरूमा कार्यरत छन् । उनीहरू कक्षा ४ देखि ७ सम्मका विद्यार्थीहरूलाई अंग्रेजी पढाउँछन् । साथै उनीहरूले ती विद्यालयमा अंग्रेजी भाषा पढाउने शिक्षकहरूको क्षमता अभिवृद्धिमा पनि काम गर्छन् । फलत: शिक्षकहरूले नयाँ सीप सिक्छन्, जुन उनीहरूले आफ्नो पेसागत जीवनभरि प्रयोग गर्न सक्छन् । खाद्य सुरक्षातर्फका स्वयंसेवकहरूले त्यस्ता ग्रामीण समुदायहरूमा काम गर्छन् जसको अर्थव्यवस्था जमिनसँग जोडिएको छ । कृषि उत्पादनमा सुधार ल्याउन र स्थानीय घरपरिवारले तयार पार्ने भोजनको पौष्टिकता वृद्धि गर्नुका साथै पारिवारिक आय बढाउन उच्च मूल्य आर्जन गर्ने नगदे बाली उत्पादन गर्न यी स्वयंसेवकहरू त्यहाँका कृषक समूहहरूसँग सहकार्य गर्छन् ।

स्वयंसेवकहरूको यो नयाँ समूहले नेपाली भाषा सिक्ने र आफूलाई तोकिएको आतिथेय समुदायमा एकीकृत हुने गौरवपूर्ण परम्परालाई निरन्तरता दिएको छ । स्वयंसेवकहरूले आफूलाई तोकिएको समुदायका सदस्यहरूसँग सहकार्य गर्दै समुदायले प्राथमिकतामा राखेका विकासका चुनौतीहरूमा प्रगति हासिल गर्न सक्छन् भन्ने पिस कोरको विश्वास छ । तथापि, स्वयंसेवकहरूले पूरा गर्ने प्राविधिक कार्य जति महत्त्वपूर्ण छ, उनीहरूले बनाउने जनस्तरको सम्बन्ध पनि त्यति नै महत्वपूर्ण छ । पिस कोर स्वयंसेवकहरू नेपाली समुदायमा, नेपाली आतिथेय परिवारहरूसँग बस्छन् । उनीहरू आफ्ना नेपाली परिवारसँग बिहान चिया पिउँछन् र दालभात खान्छन् । हरेक दिन नेपाली भाषा सिक्दै र बोल्दै उनीहरू नेपाली शिक्षक, किसान र विद्यार्थी बालबालिकासँग सहकार्य गर्छन् । उनीहरूबीचको घनिष्ठताले चिरस्थायी सम्बन्ध निर्माण गर्छ– आपसी सम्मान र समझदारीमा आधारित सम्बन्ध ।

र, यी सम्बन्धहरू पुस्तौंपुस्तासम्म रहन्छन् । पिस कोर नेपालको निर्देशकको भूमिकामा रहँदा म अक्सर सबै उमेर र पेसाका नेपालीहरूलाई भेट्छु, जसले मलाई सन् १९६० को दशक वा त्यसपछिका दशकमा पिस कोर स्वयंसेवकसँग बसेको वा काम गरेको वा उनीहरूबाट केही सिकेको अनुभव सुनाउँछन् । उनीहरू त्यस सम्बन्धलाई अनि स्वयंसेवकले उनीहरूको जीवनमा पारेको प्रभावलाई हार्दिकताका साथ सम्झन्छन् । यस्तै एउटा सम्झना मेरी साथी सरिता न्यौपानेले सँगाल्नुभएको छ । मैले सरिताजीलाई धेरै वर्षअघि भेटेको थिएँ, जति बेला हाम्रा छोराछोरी काठमाडौंको एउटै विद्यालयमा पढ्थे । म पिस कोरमा काम गर्छु भन्ने थाहा पाएपछि उहाँले तुरुन्तै मलाई आफू लमजुङ जिल्लाको ग्रामीण क्षेत्रमा हुर्केबढेको र आफ्नो विद्यालयमा पिस कोर स्वयंसेवक शिक्षक भएको सुनाउनुभयो । ती स्वयंसेवकको नाम डेभिड वाकर थियो । सरिताजीका अनुसार, वाकरले उहाँलाई अंग्रेजी भाषा मात्र सिकाउनुभएन, आफ्नो अध्ययनमा अगाडि बढ्नसमेत प्रोत्साहित गर्नुभयो । कालान्तरमा सरिताजीले अमेरिकाबाट विद्यावारिधि गर्नुभयो र पछि युनिसेफका लागि बहुसंख्यक देशमा स्वास्थ्य र पोषणका क्षेत्रमा धेरै वर्ष काम गर्नुभयो । नेपालका वर्तमान परराष्ट्र सचिव भरतराज पौड्याल अर्का उदाहरण हुनुहुन्छ, जो पिस कोरको हालै आयोजित शपथ ग्रहण समारोहमा प्रमुख अतिथिसमेत हुनुहुन्थ्यो । सचिव पौड्यालले आफूलाई पनि युवावस्थामा स्याङ्जा जिल्लामा पिस कोर स्वयंसेवकले पढाएको बताउनुभयो र त्यस अनुभवलाई स्नेहपूर्ण रूपमा सम्झिनुभयो ।

> हामी साझेदारीलाई निरन्तरता दिन उत्सुक छौं । भावी पुस्ताहरूलेपनि आफ्नो समुदायमा काम गर्न आएका पिस कोर स्वयंसेवकहरूका बारेमा आफ्नै अनुभव बाँड्न सकून् भन्ने हाम्रो चाहना छ ।

यी अनुभवहरू अद्वितीय नभए पनि पिस कोर स्वयंसेवकहरूले हाम्रा दुई देशका नागरिकहरू बीच चिरस्थायी सम्बन्ध कसरी निर्माण गर्छन् भन्ने कुराका सशक्त उदाहरण हुन् ।

तर यस्ता अनुभवहरू नेपालमा मात्र सुनाइँदैनन् । पिस कोरका स्वयंसेवकहरूले आफ्नो गृह मुलुक अमेरिका फर्कंदा आफूसँगै 'संसारलाई घरमा पुऱ्याउने' पिस कोरको महत्त्वपूर्ण लक्ष्य पूरा गर्छन् । नेपालमा काम गरेका पूर्वस्वयंसेवकहरूले आफ्ना अमेरिकी साथीसंगी र परिवारलाई नेपालबारे बताउँछन्, आफ्ना अमेरिकी परिवारका लागि दालभात पकाउँछन् र अमेरिकीहरूका लागि नेपाललाई टाढाको नभई जानपहिचानको थलो बनाउँछन् ।

यी ६ दशकमा अमेरिका र नेपाल बीचको मित्रता अटल बनेको छ । त्यसैगरी नेपाली नागरिक र अमेरिकी स्वयंसेवकहरूबीच समेत बलियो व्यक्तिगत मित्रता स्थापित भएको छ । यस मित्रताका लागि नेपाल सरकारप्रति र सन् १९६२ देखि स्वयंसेवकहरूलाई आतिथ्य प्रदान गर्ने समुदायहरूप्रति पिस कोर आभार व्यक्त गर्न चाहन्छ । हामी हाम्रो साझेदारीलाई निरन्तरता दिन उत्सुक छौं । भावी पुस्ताहरूले पनि आफ्नो समुदायमा काम गर्न आएका पिस कोर स्वयंसेवकहरूका बारेमा आफ्नै अनुभवहरू बाँड्न सकून् भन्ने हाम्रो चाहना छ ।

*(साभार: ई-कान्तिपुर)*

सिन्डिकेट पोस्ने, उपभोक्ता सोस्ने निगम :

# एक ट्यांकर तेलमा ढुवानीकर्ता र पम्पलाई अढाइ लाख फाइदा

काठमाडौं/नेपाल आयल निगमले सिन्डिकेटधारी ढुवानीकर्ता तथा पेट्रोल पम्पलाई अत्यधिक नाफा कमाउन दिएर उपभोक्तालाई चरम मूल्यवृद्धि गराइरहेको देखिएको छ । एक लिटर पेट्रोलमा निगमले ढुवानी भाडाबापत मात्रै ६ रुपैयाँ २४ पैसा तिर्ने गरेको छ । यसअनुसार एक ट्यांकर (२० हजार लिटर) पेट्रोलको ढुवानीबापत निगमले १ लाख २४ हजार ८ सय रुपैयाँ तिर्छ ।

ढुवानीकर्ताहरुलाई मात्रै होइन, आयल निगमले उपभोक्ता लुटेर पेट्रोल पम्पहरुको खल्ती भर्ने काम समेत गरिरहेको छ । निगमले एक लिटर पेट्रोल विक्री गरेबापत ६ रुपैयाँ १४ पैसा पेट्रोल पम्पहरुलाई दिन्छ ।

एक ट्यांकर पेट्रोल बेच्दा पम्पहरुलाई १ लाख २२ हजार ८ सय रुपैयाँ नाफा हुन्छ । एउटा पेट्रोल पम्पले एकदमै कम पेट्रोल बेच्दा पनि दुई ट्यांकर विक्री गर्ने व्यवसायीहरु बताउँन् । यस हिसाबले पेट्रोल पम्पहरुले दिनमा कम्तीमा पनि २ लाख ४५ हजार ६ सय रुपैयाँ आम्दानी गर्छ- एक महिनामा ७३ लाख ६८ हजार । ठूला पम्पहरुले त एक महिनामै करोडौं नाफा कमाउँछन् ।

यसरी लामो समयदेखि सिन्डिकेट चलाउँदै आएका व्यापारीहरुको खल्तीमा अर्बौं रुपैयाँ हालिदिएर निगमले उपभोक्तामाथि चरम शोषण गरिरहेको हो ।


गत आर्थिक वर्षमा नेपालमा ६८ करोड ८ लाख ६ हजार लिटर पेट्रोल नेपालमा खपत भयो । त्यसबापत ढुवानी व्यवसायीले मात्रै ४ अर्ब २४ करोड ८२ लाख रुपैयाँ निगमबाट लगेका छन् । त्यस्तै, पेट्रोल पम्पहरुले ४ अर्ब १८ करोड रुपैयाँ नाफा कमाएका छन् । यसरी नेपालका ढुवानी व्यवसायी र पेट्रोलपम्प सञ्चालकहरुले पेट्रोल बेचेर मात्रै ८ खर्ब ४३ करोड रुपैयाँ कमाए । डिजेल, मट्टितेल, ग्यास, हवाइ इन्धनको त यसमा हिसाब नै छैन ।

डिजेलमा ढुवानी भाडा प्रतिलिटर ३ रुपैयाँ १ पैसा र पम्पहरुलाई नाफा ४ रुपैयाँ ८८ पैसा तोकिएको छ । त्यस्तै, मटितेलमा यस्तो नाफा क्रमश: ६ रुपैयाँ ६ रुपैयाँ २४ पैसा र ४ रुपैयाँ ७६ पैसा तोकिएको छ ।

ग्यासमा भने प्रतिसिलिन्डर विक्रेतालाई २ सय ९६ रुपैयाँ ९६ पैसा विक्रेताको खर्च तथा नाफा तोकिएको छ । ग्यास उद्योगीहरुले ढुवानी तथा बोटलिङ पनि यसैबाट गराउँछन् । यस हिसाबले गत आर्थिक वर्षमा ग्यास व्यवसायीहरुले मात्रै खर्च र नाफा गरेर उपभोक्ताबाट १० अर्ब ७५ करोड ६२ लाख रुपैयाँ लिएको देखिन्छ ।

मुलुकमा परम्परागत रुपमा सिन्डिकेट चलाइरहेका ढुवानी तथा पेट्रोलपम्प सञ्चालकहरु आयल निगमका उच्च अधिकारीहरुसँगको मिलेमतोमा बेलाबेला आन्दोलन घोषणा गर्छन् । ढुवानी र पम्प बन्द गरेर इन्धनको हाहाकार गराउँछन् । तर, ढुवानी तथा पम्पको नाफा बढाउन बाध्य बनाउँछन् ।

नेपाल आयल निगमले संसदीय निर्वाचनको मुखैमा २७ कात्तिक २०७९ मा १९ सय ट्यांकर को भाडा कम्तीमा ५ देखि बढीमा १० प्रतिशतसम्म वृद्धि गर्ने निर्णय गरेको थियो । जसबाट उपभोक्ताले थप ८० करोड तिर्नुपरेको थियो ।



दुई वर्षअघि निगमले गरेको भाडा समायोजन सम्बन्धी अध्ययनमा १० प्रतिशतसम्म भाडा बढ्दा निगमलाई ८० करोड हाराहारी व्ययभार थपिने निष्कर्ष निकालिएको थियो ।

देशभरका आन्तरिक र बाह्य गरेर ३६ वटा गन्तव्यमा इन्धन ढुवानी गर्ने ट्यांकरले बढेको भाडा निगमबाट लिन्छन् । सिन्डिकेटधारी व्यवसायीहरुलाई अत्यधिक नाफा दिलाउन उदार आयल निगम उपभोक्तालाई राहत दिने सन्दर्भमा भने अनुदार रहँदै आएको छ ।

त्यसैको उदाहरण निगमले शनिवार पनि देखायो । शनिबार राती पौने ९ बजे खाना पकाउने ग्याससहित सबै प्रकार इन्धनमा निगमले मूल्यवृद्धि गरेको थियो । सरकारको हस्तक्षेपपछि आइतबार २ बजे मूल्यबृद्धि फिर्ता लियो ।

निगमले स्वचालित मूल्यप्रणाली लागू गरिएका कारण अहिले भाउ बढाउनुपरेको स्पष्टीकरण दिएको छ । तर, स्वचालित मूल्यप्रणाली लागू गर्दा मूल्य स्थिरि करण कोष पनि स्थापना गरिएको छ । यो कोषमा हरेक लिटर इन्धनमा एक रुपैयाँ ३७ पैसादेखि १ रुपैयाँ ८३ पैसासम्म रकम उपभोक्ताबाट उठाइन्छ । अप्ठ्यारो परिस्थितिमा मूल्यवृद्धि गर्न नसक्दा त्यसबाट निगमलाई पर्ने नोक्सानी यो कोषबाट बोहोर्नु पर्ने हो । तर, अर्थतन्त्र अप्ठ्यारोमा परेको बेला तथा उपभोक्ताहरुले चाडबाड मनाउने बेला इन्धनमा अत्यधिक मूल्यवृद्धि गर्ने काम निगमले गरेको थियो । प्रधानमन्त्रीले हस्तक्षेप गरेपछि त्यही मूल्य स्थिरीकरण कोषबाट घाटा पूर्ति गर्ने गरी निगमले मूल्यवृद्धि फिर्ता लिएको छ ।

मूल्य स्थिरीकरण कोषबाट मूल्यवृद्धि रोक्न सकिने अवस्था हुँदाहुँदै मूल्य बढाइनु गलत भएको पूर्वबाणिज्य सचिव पुरुषोत्तम ओझा बताउँछन् । 'अन्तराष्ट्रिय मूल्य थेगी नसक्नु भएको अवस्थामा इन्धनको विकल्प बिजुली हो कि ? भारतले रुसबाट ल्याएको सस्तो तेल नेपलले खरिद गर्न सक्ने वातावरण मिलाउने हो कि ?' ओझा थप्छन् 'विकल्पमा कुनै काम नगर्ने तर मूल्यमा खेल खेलिरहेर समस्या समाधान हुन्न ।'

इन्धनको मूल्य बढेको घोषणा गरेर बिजुलीमा सहुलियत घोषणा भएको भए हुन्थ्यो भन्ने उनको धारणा छ । बिजुलीमा अघोषित लोडशेडिङ गर्ने अनि इन्धनको मूल्य पनि बढाउने नीतिले जनतामा स्वाभाविक आक्रोश पैदा गर्ने उनको भनाई छ ।

तर, पेट्रोलियम पदार्थको मूल्यवृद्धि र फिर्ताको राजनीति नयाँ नभएको उनी बताउँछन् । पहिले बजारमा परीक्षणको रुपमा सहमतिमै मूल्य बढाउने र बिरोध भए मात्रै फिर्ता लिने प्रचलन पुरानै भएको उनले बताए । 'म सचिव भएकै बेला पनि यस्तो करिब ३ पटक भएको छ,' ओझा भन्छन् 'पहिले सबैलाई थाहा भएरै निर्णय गर्ने । सडकमा आन्दोलन भएपछि, आगो बलेपछि र बिरोधको स्वर उच्च भएपछि मन्त्रिपरिषद्बाट निर्देशन दिएर फिर्ता गर्ने प्रचलन छ ।' इन्धनको वितरणबारे पटके निर्णय गर्दा यसले आपूर्ति प्रणाली कमजोर हुने भन्दै ओझा यस्तो विषयमा सरकारले समग्र परिस्थिति हरेर विकल्पका काम गर्नुपर्ने सुझाव दिन्छन् ।

**खरिद मूल्य लुकाउने, विक्री मूल्य बढाउने विकृति**

आयल निगमले पछिल्लो ३ महिनादेखि इन्धनको लागत मूल्य लुकाइरहेको छ । तर, विक्री मूल्य भने बेलगाम निर्धारण गर्दै आएको छ । अपारदर्शी मूल्य निर्धारण गरेरै आयल निगमले गत आर्थिक वर्षमा १८ अर्ब रुपैयाँ मुनाफा आर्जन गरेको थियो । चालू आर्थिक वर्षको दुई महिनाको अवधिमा मात्रै निगमले १ अर्ब ९० करोड नाफा आर्जन गरेको छ ।

असार ३१, २०८० मा नेपाल आयल निगमले इन्धनको मूल्यमा स्वचालित प्रणाली पुन: शुरु गरेको घोषणा गऱ्यो । २०७१ सालमा कार्यन्वयनमा ल्याइएको प्रणाली राजनीतिक खिचातानीकै कारण प्रभावित भएपछि निगम सञ्चालक समिति बैठकले नयाँ कार्यविधि स्वीकृत गर्दै स्वचालित मूल्य निर्धारण प्रणाली लागू गरेको थियो ।

निगमका प्रवक्ता मनोज ठाकुर ३१ असार यताको सबै मूल्य समायोजन यसैका आधारमा भएको दाबी गर्छन् । कार्यविधिअनुसार निगमले परल मूल्यमा आफूलाई सञ्चालन खर्च पुग्नेगरी डिजेलमा २ प्रतिशत र पेट्रोलमा २.५ प्रतिशत नाफा राखेर मूल्य तोक्ने व्यवस्था छ । यस्तै, खाना पकाउने ग्याँसमा नाफा नराख्ने, घाटा नखाने नीति कार्यविधिमा छ । हवाइ इन्धनको हकमा भने निगमले निर्णय गर्नसक्ने भनिएको छ ।

आयल निगमको स्थायीत्व र उपभोक्ताको हितका लागि स्वचालित मूल्य प्रणाली कार्यन्वयनमा आउनु ठिक भए पनि यसकै कार्यान्वयनमा पनि निगमले अर्घेल्याइँ गरेको सरोकारवालाहरु बताउँछन् । २०७९ को कात्तिक १५ देखि अन्तराष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा भारी गिरावट सुरु भएको थियो । त्यसअघि अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेअनुसार नेपालमा पनि समायोजन गरेको निगमले घटेको बेलामा भने घटाएन ।

एक समय कच्चा तेलको मूल्य १ सय १९ डलर प्रतिब्यारेलसम्म पुगेको थियो । एक वर्षअघि अमेरीकी डलर ९७.९२ प्रतिब्यरलबाट ओरालो लागेको मूल्य २९ जेठ २०८० सम्म आइपुग्दा ७३ डलर प्रति ब्यारलमा झरेको थियो । झण्डै ७ महिना अन्तराष्ट्रिय बजारमा इन्धनको मूल्य निरन्तर ओरोलो लाग्दा निगमले तुलनात्मक रुपमा इन्धनको उपभोक्ता मूल्य भने समायोजन गरेन ।

अन्तराष्ट्रिय बजारमा घटेको मूल्यअनुसार नेपालमा समायोजन नगरी निगमले प्रशस्त नाफा कमायो । निगमले आर्थिक वर्ष ०७९/८० मा १८ अर्ब रुपैयाँ नाफा आर्जन गऱ्यो । उपभोक्तालाई मात्रै मूल्यबृद्धि लागू हुनुगरी कार्यन्वनयमा आएको स्वचालित मूल्य प्रणाली लागू भएपछि निगमले ३ महिनामा एक अर्ब ९० करोड रुपैयाँ आम्दानी गरेको छ । ३१ असार बाट स्वचालित मूल्य प्रणाली कार्यन्वयनमा आएपछि अन्तराष्ट्रिय बजारमा तेलको मूल्य उकालो लागेको थियो ।

७ असार (२३ जुलाई २०२३) मा अमेरिकी डलर ७२ प्रतिब्यरलबाट उकालो लागेको कच्चा ब्रेन्ट तेलको मूल्य अक्टोबर एकमा आइपुग्दा प्रतिब्यारल २० डलरले बढेर ९२ डलर प्रतिब्यरल पुगेको छ । खरिद मूल्य घट्दा आर्थिक संकटको बीच उपभोक्तामा राहत मूल्य पास नगराएको निगमले अहिले ल्याएको प्रणालीले आहत मात्रै भएको उपभोक्ता अधिकारकर्मी माधब तिमल्सिना बताउँछन् । 'राम्रो प्रणाली गलत समयमा सुरु भयो, यसले उपभोक्तालाई हित गर्दैन,' तिमल्सिना भन्छन् 'निगमले स्वचालित प्रणालीका नाममा राख्ने नाफाको व्यवस्था संशोधन गर्नु पर्छ । ठूलो कारोबार गर्ने निकायको २ प्रतिशत नाफा धेरै हो ।'

**निगम व्यवस्थापनले नै मूल्य समायोजन गर्नसक्ने विधि**

२५ असार २०८० मा नेपाल आयल निगमका सञ्चालक समिति अध्यक्ष एवम् वाणिज्य तथा आपूर्ति सचिव मधु मरासिनी र निगमका कार्यकारी निर्देशक उमेश प्रसाद थानी स्वचालिन मूल्य प्रणाली कार्यन्वयन गर्ने प्रस्तव लिएर प्रधानमन्त्री निवास बालुवाटार पुगेका थिए । प्रधानमन्त्रीसँगको सो भेटमा स्वचालित मूल्य प्रणाली र यसको महत्वबारे सचिव मरासिनी र कार्यकारी निर्देशक थानीले प्रधानमन्त्री दाहाललाई जानकारी गराएका थिए ।

निगमले ५६ ऋण तिरेर नाफासमेत आर्जन गरेकोमा खुसी भएका प्रधानमन्त्रीले स्वचालित मूल्य प्रणाली कार्यन्वयन गर्न सचिव र कार्यकारी निर्देशकलाई दिर्नेशन दिएका थिए । त्यहीअनुसार ३१ असारमा निगम सञ्चालन समिति बैठकले कार्यविधि पास गर्दै सो प्रणाली कार्यन्वयनमा ल्याएको थियो । कार्यन्वयनमा आएको कार्यविधिअनुसार इन्धनको मूल्य तोक्न निगम सञ्चालक समितिले निर्णय गर्नु पर्दैन । घटेको र बढेको मूल्यमा नाफाको प्रतिशत हेरेर निगमका कार्यकारी निर्देशकले नै मूल्यबारे निर्णय गर्न सक्छन् । शनिबार बढेको इन्धनको मूल्यबृद्धि पनि निगमका कार्यकारी निर्देशकबाटै निर्णय भएको थियो ।

**विधिबाटै जनतालाई राहत देऊः सांसदहरू**

आइतबारको संसद बैठकमा बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आयल निगमको कारोबारको पारदर्शितामा प्रश्न गरे । इन्धनको आयातदेखि बिक्रि र अनुगमनको समेत भूमिकामा रहेको निगमले आफ्नो नाफा, घाटा र नोक्सानीको आँकलन गर्न नसक्नु समस्या भएको बताए । यस्तो समस्या जानाजान वा भूलबस भएको नपहिल्याइएको भन्दै उनले कुनै पनि हालतमा जनताले महँगी र मूल्य बृद्धि थेग्न नसक्ने बताए । 'घटेको बेलामा मूल्य नघटाउने र बढेको बेलामा मात्रै मूल्य बढाउने निगमको गंभिचर समिक्षा हुनुपर्ने उनको माग छ ।

संसदको उपभोक्ता हित समितिका सदस्य एवम् सांसद रणेन्द्र बराली सरकारको कुनै पनि निकायबाट सहुलियत र राहतको हक जानातालाई भएको बताउँछन् । पेट्रोलियम पदार्थको मूल्यले समग्र अर्थतन्त्रमा असर गर्ने भन्दै उनले यसबारे निर्णय गर्दा जनताबारे सोच्नुपर्ने र यो व्यक्तिवादी भन्दा पनि उपभोक्तावादी प्रणालीमा आधारित हुनुपर्ने उनी बताउँछन् । निगमले करबाहेकमै जनतालाई सहुलियत दिन सक्ने अवस्थामा समेत अटेर गरेको उनले बताए । 'प्रणालीबाटै दिन सकिने राहत राज्यले दिनु पर्छ । आयल निगमले उपभोक्ताहितबारे पनि सोच्नु पर्छ,' सांसद बरालीले भने । संसदको उपभोक्ताहित समितिकै अर्को सांसद गणेश पराजुली जुन कुनै तरिकाबाट जनताले राहत पाउनु पर्ने बताउँछन् । आर्थिक मन्दीले थिचिएका जनताले महँगी झेल्न नक्ने भन्दै उनले पेट्रोलियम पदार्थका कारण जनताको भान्सा र दैनिकी प्रभावित हुनेकुरा स्वीकार्य नहुने पराजुली बताउँछन् ।

'निगम पारदर्शी र व्यवस्थित ढंगबाट चल्नुपर्छ, उसको बेथितिमा लगाम लगाउनु पर्छ । स्वचालित मूल्य प्रणाली पनि लागू हुनुपर्छ' पराजुली भन्छन्, 'तर, त्यो जानताको हितमा हुनुपर्छ । मूख्य चाडपर्वमा महँगी नियन्त्रण हुने गरी हुनुपर्छ ।' इन्धनमा सरकारले विभिन्न शिर्षकमा उठाइरहेको कर हटाउन पनि उनले सरकारको ध्यानाकर्षण गराए ।

(स्रोत: अनलाइनखबर)

# एक महिनामा ९१ हजार पर्यटक नेपाल आए, चिनियाँ दोस्रो स्थानमा

काठमाडौं/एक महिना (सेप्टेम्बर-२०२३)मा ९१ हजार जना पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

नेपालमा पर्यटकीय सिजन सुरु हुनु अगाडि अथार्त पोस्ट मनसुन सिजनमा आएको यो संख्या उत्साहजनक मानिन्छ ।

नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेका अनुसार सेप्टेम्बर महिनामा ९१ हजार १२ जना पर्यटक नेपाल आएका छन् ।

यो सन् २०१९ कै हाराहारीमा हो । सो वर्ष सेप्टेम्बर महिनामा ९२ हजार ६०४ जना पर्यटक नेपाल आएका थिए ।



सन् २०२० पछि भने कोभिड-१९ का कारण पर्यटक आगमन प्रभावित बन्न पुग्यो । सन् २०२० मा ५८४, सन् २०२१ मा ९,९०७, सन् २०२२ मा ५८,३१४ जना पर्यटक नेपाल आएका थिए ।

**भारतीय पहिलो, चिनियाँ पर्यटक दोस्रो स्थानमा**

एक महिनाको अवधिमा भारतीय पर्यटक नेपालमा सर्वाधिक संख्यामा आएको देखिएको छ । बोर्डका अनुसार सेप्टेम्बरमा २८ हजार ६९४ जना भारतीय नेपाल आएको तथ्यांकमा उल्लेख छ । चिनियाँ पर्यटक ८ हजार १७४ जना आएका छन् । अमेरिकी पर्यटक ७ हजार ३६४ जना आएको नेपाल पर्यटन बोर्डले जनाएको छ । बंगलादेशबाट ३ हजार ७१६, बेलायतबाट ३ हजार ६४०, श्रीलंकाबाट ३ हजार ११ जना, जर्मनीबाट २ हजार ८५२, दक्षिण कोरियाबाट २ हजार १८ र इजरायलबाट १ हजार ७३४ जना पर्यटक नेपाल आएका छन् ।

**९ महिनामा झण्डै ७ लाख पर्यटक नेपालमा**

बोर्डका अनुसार यस वर्षको ९ महिनाको अवधिमा झण्डै ७ लाख पर्यटक नेपाल आएका छन् । जनवरी देखि सेप्टर २०२३ को बीचमा ६ लाख ९२ हजार ३७२ जना पर्यटक नेपाल आएका छन् ।

सरकारले यस वर्ष १० लाख पर्यटक भित्राउने लक्ष्य बजेटमार्फत लिएको छ । यो पुरा गर्न जारी पर्यटकीय सिजनमा अधिक संख्यामा पर्यटक भित्रनु पर्छ । सन् २०१९ मा आएको पर्यटक संख्या तुलना गर्दा सन् २०२३ मा ९८.२८ प्रतिशत पर्यटन आगमन देखिएको छ ।

(स्रोत: अनलाइनखबर)

# 'लभ स्टेशन' अभिनेता प्रकाश बने ग्लोबल डायस्पोराको ब्रान्ड एम्बास्डर

काठमाडौं/'लभ स्टेशन' फेम्ड अभिनेता प्रकाश शाह विदेशमा उच्च शिक्षा हासिल गर्न चाहने विधार्थीहलाई लक्षित गरेर स्थापना भएको ग्लोबल डायस्पोरा एजुकेसन कन्सल्टेन्सीको ब्रान्ड एम्बास्डरमा नियुक्त भएका छन् । आइतबार कन्सल्टेन्सी र शाहबीच एक वर्षको लागि सम्झौता भएको हो । यो कन्सल्टेन्सीले जापान, अष्ट्रेलिया, युकेलगायत देशमा अध्ययन गर्न चाहने विधार्थीलाई पठाउँदै आएको छ ।



प्रकाशले अब एक वर्ष यस कन्सल्टेन्सीको बजार प्रवर्द्धन गर्नेछन् । उनले भने, 'उज्वल भविष्यको कामनासहित वैदेशिक शिक्षाको लागि जान चाहने विधार्थीहरूलाई सहि सल्लाह र मार्गनिर्देश गर्ने मेरो जिम्मेवारी हुनेछ । यो संस्थासँग जोडिन पाउँदा एकदमै खुसी छु ।' यसअघि दर्जनौं विभिन्न उत्पादनहरुको 'ब्राण्डिङ'मा आबद्ध भैसकेका उनको कन्सल्टेन्सीको बजार प्रवर्द्धन नयाँ अनुभव हो ।

कन्सल्टेन्सीका सञ्चालक समिति अध्यक्ष एकेन्द्र थापाले नेपाली फिलमका उदयीमान कलाकारसँग जोडिन पाउनु गर्वको कुरा रहेको बताए । काठमाडौंस्थित पुतली सडकमा केन्द्रीय कार्यालय रहेको कन्सल्टेन्सीका प्रबन्ध निर्देशक राहुल रेग्मीले नेपालभित्रका विभिन्न शहरहरुमा शाखा विस्तार गर्ने तयारी भैरहेको र कलाकारसहितको प्रवर्द्धनले कन्सल्टेन्सीलाई थप सघाउ पुग्ने विश्वास व्यक्त गरे ।

'मिस्टर ग्लोबल नेपाल २०१८'का विजेता समेत रहेका अभिनेता शाहले फिल्म 'जालो'बाट अभिनेताको रुपमा डेब्यू गरेका थिए, जुन नेपालकै पहिलो 'वान सट वान टेक' फिल्म थियो । उनलाई दर्शकको ठूलो वर्गमा भने 'लभ स्टेशन'ले चिनायो । यो फिल्ममा उनले नकारात्मक भूमिकामा अभिनय गरेका थिए । त्यसयता शाहले 'साङ्लो', 'ज्याकपट' र 'आर्या' फिल्ममा अभिनय गरि सकेका छन् ।

# 'बालापन' प्रिमियर : मन्त्री किराँतीले भने- 'फिल्ममा समाजभित्रको कुरा छ'

काठमाडौं/शिव आर जीको निर्देशनमा तयार भएको फिल्म 'बालापन'को काठमाडौंमा प्रिमियर गरिएको छ । शनिबार चाबहिलस्थित चलचित्र विकास बोर्डको सभा हलमा संस्कृति तथा पर्यटन मन्त्री सुदन किराँतीको प्रमुख अतिथ्यतामा भएको प्रिमियरमा फिलमले उठाएको विषयवस्तुको उपस्थित अतिथिहरुले प्रशंसा गरे । मन्त्री किराँतीले फिल्मले समाजभित्रको यथार्थ कुराहरुलाई चित्रण गरेको बताए ।



चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष तथा निर्माता राजकुमार राईले फिल्मले जस्तोसुकै विषयलाई उठाए पनि अहिलेको अवस्थामा व्यावसायिक सफलता अपरिहार्य रहेको जिकिर गरे । 'फिल्मलाई हामीले दिएको शुभकामनाले मात्र केही पनि हुँदैन । फिल्मभित्र चाहिने हरेक तत्वहरु हुनुपर्छ । साथै फिल्म क्षेत्रमा नयाँ मान्छेहरु आउनुपर्छ, जसले गर्दा फिल्म क्षेत्र चलायमान हुन्छ,' राईले भने ।

फिल्मका निर्माता हट मिलन राईले फिल्म समाजसेवा, दिनदुखी, असहाय तथा अनाथ बालबालिकाको सहयोगार्थ निर्माण गरिएको बताए । उनले फिल्मलाई अमेरिका, क्यानडा, अष्ट्रेलिया लगायतका देशमा पनि प्रिमियर गर्ने जानकारी दिए । फिल्ममा सविन श्रेष्ठ, प्रियंका कार्की, धिरेन शाक्य, सोनी बिसी, सुनील थापा, राजेन्द्रकुमार थापा, रेस फिरिरि, प्रभुराम कार्की लगायतको अभिनय छ ।

एन्जिलेना फिल्मस् प्रोडक्सनको प्रस्तुतिमा निर्माण भएको 'बालापन'मा प्रभुराम कार्की र हट मिलन राई निर्माता तथा इन्दिरा थापा र कला राई सह-निर्मातामा रहेका छन् छन् । फिल्ममा रामकृष्ण खरेलको छायांकन छ । देश तथा विदेशमा फिल्मको शो आयोजना गरेपछि हलमा प्रदर्शन गर्ने योजना रहेको निर्देशक आरजीले जानकारी दिए । फिल्मले समाजमा सन्देश दिने उनको विश्वास छ

# हिरासतमुक्त भए अनमोल, प्रहरीले बोलाउँदा हाजिर हुनुपर्ने

काठमाडौं/असोज १२ गते (शुक्रबार साँझ) साँगाबाट पक्राउ परेका अभिनेता अनमोल केसी हिरासतमुक्त भएका छन् । आइतबार काठमाडौं जिल्ला अदालतले पक्राउ परेको दिनदेखि तीन दिन अर्थात् आइतबार (आज)सम्म हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिए पनि हिरासतमा राख्नुपर्ने अवस्था नदेखिएको भन्दै उनलाई जिल्ला प्रहरी परिसर काठमाडौंले हाजिरी जमानीमा रिहा गरेको हो ।



अब अनमोल प्रहरीले बोलाएको बेला हाजिर हुनुपर्नेछ । हिरासतबाहिर बस्दा प्रमाण लुकाउने वा नष्ट गर्ने सम्भावना नदेखिएपछि उनलाई हाजिरी जमानीमा छाडिएको महानगरीय प्रहरी परिसर काठमाडौंको प्रवक्ता एसपी कुमोद ढुंगेलले जानकारी दिए । आपराधिक विश्वासघातको मुद्धामा उनलाई प्रहरीले पक्राउ गरेको थियो ।

फिल्म 'रावायण'मा काम गर्ने भनेर १० लाख रुपैयाँ पेस्की रकम लिएको तर पछि विभिन्न बहाना बनाएर काम गर्न नमानेको भन्दै निर्देशक सुदर्शन थापाको कम्पनी सुदर्शन थापा प्रोडक्सनको तर्फबाट सुप्रिया कटुवालले यही असोज ८ गते अनमोलविरुद्ध प्रहरीमा उजुरी दिएकी थिइन् । त्यही उजुरीको आधारमा उनी पक्राउ परेका थिए ।

पक्राउ परेकै साँझ अनमोल प्रहरीको हिरासत छल्न स्वास्थ्यमा समस्या देखाएर महाराज गञ्जस्थित चिरायु अस्पतालमा भर्ना भएका थिए । उनलाई आइतबार अस्पतालबाटै अदालत लगिएको थियो ।

अदालतमा उपस्थित गराउनुभन्दा अगाडि उनलाई महानगरीय प्रहरी परिसर टेकुले करिब ३ घण्टा सोधपुछ गरेको थियो । त्यहाँ उनले आफूले १० लाख फिर्ता गर्न खोज्दा पनि 'रावायण'का निर्माताले लिन नमानेको र आफूलाई स्क्रिप्ट चित्त नबुझेकाले काम गर्न अस्वीकार गरेको बताएका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडामा नयाँ उद्यमशीलता खोज्न 'बुटक्याम्प'

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ उद्योग संघ हेटौंडाको आयोजनामा आइतबारबाट 'एम स्टार्टअप बिजनेस इन्क्युबेशन सेन्टर' तथा पाँच दिने नवउद्यमशाला बुटक्याम्पको सुरु भएको छ ।




क्याम्पको आइतबार बागमती प्रदेश उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले उद्घाटन गरेका छन् । युवा उद्यमीलाई स्टार्ट-अपका रुपमा आफ्ना व्यावसायिक विचारहरु परीक्षण गर्ने अवसर प्रदान गर्न यस कार्यको सुरुवात गरिएको उद्योग संघका अध्यक्ष स्वागतराज प्याकुरेलले जानकारी दिए । प्रारम्भिक चरणमा सेन्टरले युवा उद्यमीलाई कार्यस्थल, लजिस्टिक सपोर्ट, प्रदर्शनीमार्फत अवधारणा परीक्षण, मेन्टर र अनुभवीद्वारा मार्गदर्शन, सरकारी निकाय र शिक्षाविद्हरुसित अन्तर क्रिया, वित्तीय संस्थासँग जोडिने अवसरहरु र इच्छुक व्यक्तिहरुको लगानी उपलब्ध गराएर स्टार्टअप कार्यक्रम सञ्चालन गर्नेछ ।

एआईएम स्टार्ट-अपले जिल्लामा शैक्षिक, सरकारी र निजी क्षेत्रबीच एक इकोसिस्टम निर्माण गरी दिगोरुपमा स्टार्टअप र नवप्रवर्तन कार्यक्रम लागू गर्न उपयुक्त संस्थागत संरचना स्थापना गरेर उद्यमशीलतालाई प्रोत्साहन गर्ने दावी गरिएको छ । यस कार्यक्रमको पहिलो चरण अन्तर्गत युवा उद्यमीहरु (व्यवसाय दर्ता गरेको ५ वर्ष नकटेको) चयन गरी आयोजना गर्न लागिएको ५ दिने 'एम नव उद्यमशाला बुटक्याम्प'को सहभागिता रहेको छ । बुटक्याम्पमा चयन भएका उद्यमीहरुले ४ दिनसम्म व्यवसायसँग सम्बन्धित विभिन्न बिषयमा छलफल गर्नुका साथै विज्ञहरुसँग गहन रुपमा मन्थन गरी आफ्नो व्यवसायलाई परिस्कृत बनाउने अवसर प्राप्त गर्ने छन् ।

पाँचौ दिनमा आयोजना गरिने हाट बजारमार्फत व्यवसायीहरुले आफ्नो व्यवसायको परीक्षण गर्नुका साथै सम्भावित ग्राहक, लगानीकर्ता तथा मेन्टरसँग जोडिने मौका पनि पाउने छन् । कार्यक्रमको उद्घाटन गर्दै बागमती प्रदेश सरकारका उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्री चित्रकारले समृद्धिको यात्रालाई ठिक ढंगबाट अगाडि बढाउन सके उद्योग क्षेत्रमा प्रोत्साहन मिल्ने बताए । चित्रकारले बागमती प्रदेश सरकार नवउद्यमीलाई प्रोत्साहन गर्ने नीति ल्याउने तयारीमा रहेको बताए । मन्त्रालयले विभिन्न ऐन तथा नीतिहरु बनाउने तयारी रहेको बताउँदै उनले हस्तकला, बजार अनुगमन, व्यवस्थित निर्देशिका, कार्यविधिहरु आगामी मन्त्रीपरिषद्को बैठकबाट निर्णय गर्ने तयारीमा रहेको बताए ।

उनले रोजगारी सिर्जना नगर्दा अर्थतन्त्र उभो लाग्न नसकेको बताउँदै उद्योगीलाई कसरी स्थापना गर्न सकिन्छ भन्ने बाटोमा प्रदेश सरकारको चासो चिन्ता रहेको बताए । दिनप्रतिदिन खस्किएको उद्योग व्यवसायलाई प्राथमिकतामा राख्न नसके उद्योगहरु धरासायी हुने र व्यवसायी पलायन हुने अवस्था आउन सक्ने भन्दै उनले प्रदेश सरकारबाट पनि स्पष्ट नीति दिन नसक्दा व्यवसायीको लगानी सुरक्षित नभएको प्रष्ट पारे ।

मन्त्री चित्रकारले नवउद्यमीलाई प्रोत्साहन गर्न मन्त्रालय तयार रहेको बताउँदै पहिलो लक्ष्य रोजगारी सिर्जना गर्नु र यसका लागि प्रदेश सरकार एजेन्सीको रुपमा रहन समेत तयार रहेको बताए ।

कार्यक्रममा हेटौंडा उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामा, उद्योग संघका पूर्वअध्यक्ष लेखराज पोखरेल, बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईलगायतले उद्यमशीलता मेलाबाट दक्ष उद्यमी उत्पादनमा सहयोग पुग्ने विश्वास दिलाए ।

# प्रदेशसभा पुगेर हेटौंडा अस्पताल अलग्याउने माग

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ बागमती प्रदेश सरकारद्वारा सञ्चालित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पताल प्रतिष्ठानबाट अलग्याएर पुरानै अवस्थामा ल्याउन मन्त्री र सांसदहरुलाई ध्यानाकर्षण गराइएको छ ।




जिल्लास्थित चार राजनीतिक दलका जिम्मेवार पदाधिकारीहरुले अस्पताललाई प्रतिष्ठानबाट अलग्याएर संघीय सरकार मातहतमै लैजान मन्त्री तथा सांसदको ध्यानाकर्षण गराएका हुन् । हेटौंडा अस्पतालाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतबाट हटाएर संघीय सरकार मातहत नै राख्न आग्रह गर्दै उनीहरुलाई ज्ञापनपत्र बुझाएका हुन् । आइतबार प्रदेशसभा वैठक अगाडि मन्त्री र सांसदलाई प्रदेशसभा परिसरमै स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन ऐन संशोधनको माग गर्दै ध्यानाकर्षणपत्र बुझाइएको नेपाली कांग्रेस मकवानपुरका सचिव भीमसेन महतले जानकारी दिए ।

प्रतिष्ठानको आफ्नै अस्पताल नबनुन्जेलसम्म हेटौंडा अस्पताललाई शिक्षण अस्पतालको रुपमा प्रयोग गर्ने व्यवस्था गर्दै हालको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको व्यवस्था गर्न बनेको ऐनलाई विस्थापित गर्न जरुरी रहेको उनले बताए । 'दुबैको फरकफरक लक्ष्य र उद्देश्य रहेका छन् । प्रतिष्ठानले छिट्टै आफ्नो अस्पताल बनाउन जरुरी छ ।', महतले भने । पत्रमा महत सहित नेकपा माओवादी केन्द्र मकवानपुरका सचिव भीम पाख्रीन, नेकपा एस मकवानपुरका सचिव ध्रुव भुजेलले संयुक्त रुपमा हस्ताक्षर गरेका छन् । टोलीले लामो समयदेखि यस विषयमा प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै आइरहेको छ ।

# राक्सिराङका ५० जना वृद्धवृद्धालाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ राक्सिराङ गाउँपालिकाले अन्तर ाष्ट्रिय जेष्ठ नागरिक दिवसमा आफ्ना पालिकाका बृद्धबृद्धालाई सम्मान तथा अन्तरक्रिया सहित बिबिध कार्यक्रमका बीच मनाएको छ ।

सबै पुस्ताका लागि जेष्ठ नागरिकको मानवअधिकारबारे बिश्वब्यापी रुपमा गरिएको बाचाहरु पूरा गरौं भन्ने मुलनाराका साथ विश्वभरी जेष्ठ नागरिक दिवस मनाइएकोछ ।

आइतबार राक्सिराङ गाउँपालिका-५ लाईसिराङमा सम्पन्न कार्यक्रममा बृद्धबृद्धाले पालिकालाई धन्यवाद दिएका थिए । सोही अवसरमा राक्सिराङ-५ निवासी १०७ बर्षीय जेष्ठ नागरिक बहाबली चेपाङलाई गाउँपालिका अध्यक्ष राजकुमार मल्लले खादा ओढाएर सम्मान गरे । उनीसहित गाउँपालिकाका ५० जना जेष्ठ नागरिकलाई सम्मान गरिएको थियो ।

राक्सिराङ गाउँपालिका र नाफानको संयुक्त साझेदारीतामा सम्पन्न कार्यक्रमले बिश्व जेष्ठ नागरिक दिवसको अवसर पारेर चेपाङ बा आमासंग सम्बाद कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बृद्धबृद्धालाई कपडा बितरण गरिएको थियो । यस्तैगरी स्वास्थ्य जाँच, सहभोज एबम उनीहरुका गुनासो र जेष्ठ नागरिक र उनीहरुका परि वारका सदस्यहरु बीच अन्तरक्रिया समेत गरिएको थियो । अन्तरक्रियामा जेष्ठ नागरिकले आफ्ना परिवारका सदस्यले आफूहरुलाई वास्ता नगर्ने , बृद्धभत्ता लिन आउँदा अटोहरुले भाडा मनोमानी लिने गरेको र बृद्धभत्ता घरघरैमा उपलब्ध गराईदिन गाउँपालिका अध्यक्ष समक्ष आग्रह गरेका थिए ।

यसभन्दा अगि कोही कतैबाट आफूहरुको चासो नगरेको भन्दै यो पटक गाउँपालिकाले यसरी सम्झिएकोमा खुसी ब्यक्त गरेका थिए । ज्येष्ठ नागरिक हाम्रो समाजको आधार र ईतिहास भएको भन्दै हामीले हाम्रा अभिभावकको सम्मान र उहाँहरुलाई माया गर्नुपर्नेमा जोड दिए । जेष्ठ नागरिकको स्वास्थ्य उपचारमा पालिका सरकारले बिशेष कार्यक्रममार्फत उनीहरुको सेवा गर्दै आइरहेको बताए ।

साथै हामीले हाम्रा आमाबुवालाई माया र सम्मान गर्‍यौं भने मात्रै हाम्रा छोराछोरीले हामीलाई माया र सम्मान गर्ने भन्दै सबैमा आफ्ना आमाबुबालाई मानसम्मानका साथ घरमा राखिदिन आग्रह गरे ।

# ९५ जना ज्येष्ठ नागरिक सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ हेटौंडा उपमहानगरपालिका कार्यालयले ३३ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा ९५ जना ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ ।

हेटौंडा भित्रका १९ वडाका ज्येष्ठ नागरिकको सहभागिता रहेको थियो । ६० वर्षदेखि १ सय १२ वर्षसम्मका जेष्ठ नागरिकलाई सम्मान गरेको उपमहानगर पालिकाले जनाएको छ । कार्यक्रममा प्रत्येक वडाका गरिब तथा विपन्न ५/५ जना ज्येष्ठ नागरिकलाई सम्मान गरिएको हो । उपमहानगर पालिका प्रमुख मीनाकुमारी लामाले सम्मानस्वरुप एक थान कम्बल, एउटा लौरो र मोबाईल फोन प्रदान गरेकी थिइन् ।

कार्यक्रममा उपमहानगर पालिको सामाजिक विकास महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले ज्येष्ठ नागरिकहरुको हकअधिकार सुनिश्चित गर्न वडा-वडामा ज्येष्ठ नागरिक मञ्च गठन गरिएको जानकारी गराइन् । सम्मान कार्यक्रममा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण समेत गरिएको थियो ।

# अपाङ्गताको मुद्दामा मिडिया कभरेज खुम्चिएको प्रति चिन्ता

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ हेटौंडामा आइतबार मिडिया र अपाङ्गता भएका व्यक्ति विषयक छलफलमा अपाङ्गता भएका व्यक्तिहरुको मुद्दामा मिडिया कभरेज पर्याप्त हुन नसकको प्रति चिन्ता व्यक्त गरिएको छ ।

कार्यक्रममा अपाङ्गता अधिकार सवाल पहुँचयुक्त भौतिक संरचना प्रतिवेदन सार्वजानिक गरिएको छ । राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेशको आयोजनामा भएको अपाङ्गता अभियानकर्मी तथा सिआईएलका महासचिव गणेश केसीले अङ्गताका विषयमा समाचार लेख्दा ध्यान दिनुपर्ने विषयवस्तुबारे आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए । उनले प्रयोग गर्न हुने र नहुने विभिन्न शब्दहरु, मिडियामा अपाङ्गता भएका व्यक्तिको स्थान, पत्रकारले पालना गर्नुपर्ने र ध्यान दिनुपर्ने कुराहरुका विषयमा बृहत छलफल गरेका थिए ।

महासंघ बागमती प्रदेश अध्यक्ष अश्विन लम्सालको अध्यक्षतामा भएको कार्यक्रममा सरकारी निकायको पहुँच परीक्षण प्रतिवेदन सार्वजनिक गर्दै प्रदेश जनवकालत अधिकृत सुरेन्द्र तिमल्सिनाले सरकारी निकायमा प्रमुख समस्याबारे आफ्नो प्रस्तुती गरेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, राष्ट्रिय मानव अधिकार आयोग प्रदेशका अधिकृत लोकनाथ घिमिरे, लक्ष्मी पौडेल, महासंघका केन्द्रीय उपाध्यक्ष अनिता घिमिरे लगायतको आतिथ्यता रहेको थियो ।

# चुरियामाईको खानेपानी उपभोक्ता समिति बोर्डमा गाभियो

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ हेटौंडा उपमहानगरपालिका-१५ शिखरपानी चुरिमाईमामा अवस्थित शिखरपानी खानेपानी तथा सर सफाई उपभोक्ता समिति हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण भएको छ ।



यस क्षेत्रमा संचालित ४५० धाराले १० हजार लिटर खानेपानी उपभोग गरे बापत न्युन्तम शुल्क २५० रुपैयाँ भुक्तानी गर्दै आइरहेकोमा अबदेखि १० हजार लिटरसम्म पानी नि:शुल्क खानेपानी उपभोग गर्न पाउने भएका छन् । कार्यक्रममा वडा नंम्बर १५ का वडाअध्यक्ष सुनील मोक्तानले साविक चुरियामाई गाविसको विगतको खानेपानीको लागि गरिएका प्रयास तथा संघर्षहरुका बारेमा प्रकाश पारे ।

हेटौंडा उपमहानगर पालिकाका नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । खानेपानीको ट्यांकी निर्माण गर्न जग्गा उपलबध गराउने जग्गा दातालाई सम्मान गर्नुका साथै समितिमा विगत लामो समयदेखि कार्य गर्दै आएका कर्मचारी सेते वाइवालाई उमेर हदका कारण अवकास दिइ विदाई तथा सम्मान समेत गरिएको थियो ।

निर्वाचित जनप्रतिनिधिले आफनो घोषणापत्रमा बाचागरे अनुसार हेटौंडा-१५ का बासिन्दालाई १० हजार लिटर खानेपानी निशुल्क उपलब्ध गराउन सफल भएकोमा नगरप्रमुख लामाले खुशी व्यक्त गरिन् । हेटौंडा उपमहानगर पालिकाका नगरउपप्रमुख राजेश बाँनियाले नगरबासीलाई न्यून्तम विद्युत महशुल छुट दिनको लागि आवश्यक अध्ययन कार्य भईरहेको जानकारी गराए ।

शिखरपानी खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष पातली गोङ्वाको सभाअध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टको विशेष आतिथ्यता एवम् खानेपानी व्यवस्थापन बोर्डका कार्यालयप्रमुख विष्णुप्रसाद सापकोटा, पूर्व गाविस अध्यक्ष प्रेमबहादुर भोम्जन, समाजसेवी भानुप्रताप विडारी, पूर्व खानेपानी उपभोक्ता समितिका अध्यक्ष पञ्चबहादुर थिङको आतिथ्यतामा रहेको थियो ।

बोर्डमा हाल करिब २५ हजार ५ सय धारा संख्या रहेको र बोर्डले यस अघि वडा नं. १५ का रातोमाटे, सानो सुकौली, ठुलोसुकौली, जाँते, चित्रेपानी, गौरीटार आदि क्षेत्रहरुमा खानेपानीको सेवा दिदै आइरहेको छ ।

# संजीवनी सहकारीमा फेरि चौधरी



साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ हेटौंडा-५ पिप्लेमा रहेको संजीवनी बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा पुन: जानकी चौधरी चयन भएकी छिन् ।

शनिबार भएको २२ औं वार्षिक साधारणसभा तथा सातौं अधिवेसनबाट चौधरीको नेतृत्वमा नयाँ समिति चयन गरिएको थियो । संस्थाको उपाध्यक्षमा यमबहादुर श्रेष्ठ, सचिवमा विनोदकुमार पुडासैनी, सहसचिवमा पदमबहादुर बजगाई, कोषाध्यक्षमा शशिकर पाण्डे, सहकोषाध्यक्षमा ईश्वरी चालिसे पोखरेल चयन भएका छन् । सचिव पद बाहेक सबै पदाधिकारीहरुमा सर्वसम्मत चयन गरिएको थियो ।

सचिवमा भने जानुका संजेल दाहाल र विनोदकुमार पुडासैनीबीच चुनावी प्रतिस्पर्धा भएको थियो । पुडासैनीले ७६६ मत प्राप्त गर्दा दाहालले ३५९ मत प्राप्त गरेकी थिइन् । संस्थाका सदस्यहरुमा देवीबहादुर बुढाथोकी, संजीव श्रेष्ठ, खोमराम श्रेष्ठ, अन्जना नेपाल, रीता दवाडी ठकुरी, रामकुमार विष्ट, गोपाल कार्की, सरस्वती दाहाल चयन भएका छन् । त्यस्तै संस्थाको लेखा समितिको संयोजकमा राजुकुमार प्रधान र सदस्यहरुमा केशव श्रेष्ठ र सन्तोष पौडेल चयन गरिएको छ ।

# सुखसमृद्धि सहकारीको कारोबार साढे तीन करोड

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ हेटौंडा उपमहानगरपालिका-१० राप्तिरोडमा रहेको सुखसमृद्धि बचत तथा ऋण सहकारी संस्थाको १३ औं वार्षिक साधारणसभा हेटौंडामा भएको छ ।

संस्थाका अध्यक्ष रेणु ज्ञवालीको सभाध्यक्षता तथा जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका अध्यक्ष कल्पना श्रेष्ठको प्रमुख आतिथ्यतामा सभा भएको हो । सभामा विभिन्न विधामा सदस्यलाई सम्मान गरिएको थियो । जेष्ठ नागरिक सदस्यतर्फ नारायणप्रसाद श्रेष्ठ, असल ऋणीतर्फ रोमा लामा, उत्कृष्ट बचतकर्ता लक्ष्मी जोशीलाई सम्मान गरिएको थियो । त्यस्तै एसईइ परीक्षामा उच्च जिपिए ल्याउने राशिका महर्जन र सार्थक स्थापितलाई पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगरका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष डा. गणेश लामा, नेफ्स्कुनका अमन विडारी, संस्थाका निवर्तमान अध्यक्ष सुशीला पाण्डे मानन्धर, सल्लाहकार शर्मिला डंगोल, संस्थाका कानुनी सल्लाहकार सुमनकुमार मानन्धरलगायतको आतिथ्यता रहेको थियो ।

तीन करोड ५४ लाख ५१ हजार ३२० रुपैयाँको कुल कारोबार गरेको संस्थामा ७६ लाख ८८ हजार पाँच सय शेयरपुँजी रहेको संस्थाका व्यवस्थापक दीपक सेवाले बताए । संस्थामा २ करोड १४ लाख ६३ हजार २२१ रुपैयाँ बचत निक्षेप रहेको छ भने आफ्ना सदस्यलाई २ करोड ६८ लाख ९३ हजार ६४५ रुपैयाँ कर्जा लगानी गरिएको व्यवस्थापक सेवाले बताए ।



## Nirmal Multiple Campus

**Hetauda 19, Bastipur, Makawanpur**

**Notice for Invitation of NCB**

**IFB No. NMC/WORK/NCB/2080/81-01** **Date of Publication: 2080/06/15 (2023/10/02)**

1. Nirmal Multiple Campus, Hetauda-19 Bastipur invites bids from **Nepalese eligible bidders** for the Construction of following work under National Competitive Bidding procedures.

| S. N. | Contract Identification Number | Description of Works and Location | Cost of Bid Document (NRs.) | Minimum Bid Secucity Amount (NRs.)& Validity | Estimated Amount with VAT (NRs.) | Last Date and Time of | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | Purchasing | Submission | Bid Opening |
| 1 | NMC/WORK/NCB/2080/81-01 | Construction of Toilet Work | 3,000.0 | 75,000.0 (120 Days) | 3,016,399.45 | 2080/07/15 (2023/11/01) 12:00 | 2080/07/15 (2023/11/01) 12:00 | 2080/07/15 (2023/11/01) 14:00 |
| Pre-Bid Meeting Date : 2080/06/19 (2023/10/06), Time : 14:00Hrs, Place : Nirmal Multiple Campus, Hetauda 19 | | | | | | | | |

2. All bidders must submit their biddingsto Nirmal Multiple Campus, Hetauda 19, Bastipur **before 12:00 hour on 2080/07/15(2023/11/01)Only through e-GP online webportal (e-bidding): www.bolpatra.gov.np/egp.** For more detail information, please contact Campus Administration Section (9855030887) or visit **www.bolpatra.gov.np/egp.**

**Campus Chief**




## हार्दिक समवेदना



स्व. गीता देवकोटा

निर्माण व्यवसायी संघ मकवानपुरको पुर्वकार्यसमिति सदस्य एवम् एन.एन. कन्स्ट्रक्सनका प्रोपाइटर निर्मल देवकोटाकी धर्मपत्नी आदरणीय **गीता देवकोटा**को अल्पायुमै निधन भएकोले हामी स्तब्ध भएका छौं । साथै शोकको यस घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैरेधारण गर्ने शक्ति प्रदान होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

बाल गोपाल कंडेल (अध्यक्ष) एवम्

**निर्माण व्यवसायी संघ मकवानपुर परिवार**




## शिक्षक आवश्यकता

*दोस्रो पटक सूचना प्रकाशन २०८०/०६/१४*

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर, हेटौंडाको मिति २०८०/०४/१२ को प्राप्त पदपूर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०४/१४ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपसिल बमोजिमको शिक्षकहरु आवश्यक परेकोले उक्त पदपूर्तिको लागि योग्य ईच्छुक नेपाली नागरिकबाट पुन: दरखास्त आव्हानका लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपसिल**

| क.स. | विज्ञापन नं. | तह/पद | प्रकार | विषय | संख्या | अध्ययन विषय |
|---|---|---|---|---|---|---|
| १. | ००१/०८०/०८१ | नि.मा.वि. | राहत | अंग्रेजी | १ | अंग्रेजी |
| २. | ००२/०८०/०८१ | नि.मा.वि. | राहत | विज्ञान | १ | विज्ञान |

३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
४. शैक्षिक योग्यता : सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।
५. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संसोधित नयाँ पाठ्यक्रम अनुसार)
६. तलब भत्ता : नेपाल सरकारको राहत कोटाको लागि तोकिए बमोजिम
७. दरखास्त दस्तुर : नगद रु १,५००।- (एक हजार पाँच सय मात्र) निवेदन साथ
८. दरखास्त दिने अन्तिम दिन : २०८०/०६/२९ गते विद्यालय समय भित्र
९. दरखास्त दिने स्थान : विद्यालयको प्रशासनिक कक्ष
१०. सम्पर्क मिति : २०८०/०६/२९ गते अपरान्ह ४:०० बजे पछि
११. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराईने छ
१२. आवश्यक कागजातहरु :
क) नेपाली/अंग्रेजी माध्यममा हस्त लिखित निवेदन - १ थान
ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि - २ थान
ग) SLC/SEE देखि माथिका शैक्षिक योग्यता र चारित्रिक प्रमाण पत्रहरुको प्रतिलिपि २/२ थान
घ) निम्नमाध्यमिक तहको अध्यापन अनुमति पत्रको प्रतिलिपि - २ थान

**नोट:-** क. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा भएका उमेदवारहरुले विज्ञापन भएको मितिले ७ दिन भित्रमा निवेदन दर्ता गर्नुपर्नेछ ।
ख. माथिल्लो योग्यता भएको, ICT मा दक्ष भएको एवं अनुभवि व्यक्तिलाई विषेश ग्राह्यता दिईने छ ।

सम्पर्क नं. ९८५५०७०९४४ प्र.अ., ९८५५०७४३१५ अध्यक्ष, ९८४५२९४७५२ वडा प्रतिनिधि, ९८४५१६७७४४ म. सदस्य, ९८४५२६९८८८ वडा अध्यक्ष, ९८४५२९८४०० स. प्र.अ., ९८४५९२७२७४स. प्र.अ.

**श्री बाल उज्ज्वल माध्यमिक विद्यालय**
हे.उ.म.न.पा.-३, लेवट, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना